# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ४, अङ्क ५, २०७३ मंसिर, Year 4, Issue 5, December 2016


# पाँचौं राष्ट्रिय कर दिवस भव्यताका साथ सम्पन्न




**पाँचौं राष्ट्रिय कर दिवसको अवसरमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महरा, राजस्व सचिव श्री राजन खनाल, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारकालगायत विशिष्ट व्यक्तिहरु**

काठमाडौं । उपप्रधानमन्त्री तथा अर्थमन्त्री कृष्णबहादुर महराले पाँचौ राष्ट्रिय कर दिवस, २०७३ को अवसरमा आन्तरिक राजस्व विभागद्वारा आयोजित विशेष कार्यक्रमको मंसिर १ गते पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको छ । कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री महराले विभागद्वारा प्रकाशित वार्षिक प्रतिवेदन २०७३, पाँचौ राष्ट्रिय कर दिवस स्मारिका, २०७३ र सर्वोच्च अदालतबाट कर सम्बन्धी बिषयमा गरिएका फैसला एवं नजिरहरुको संग्रह २०७३ को विमोचन गर्नुभयो । सोही अवसरमा आन्तरिक राजस्व विभागले करदाताहरुलाई सहज सेवा पुऱ्याउने हेतुले मंसिर १ गते देखि नै सञ्चालनमा ल्याइएको करदाताको वृहद सूचना सहितको मोबाइल एप्स र एसएमएस सिस्टमको पनि माननीय उपपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराले शुभारम्भ गर्नुभयो । अर्थमन्त्री महराले राजस्वमा उच्च कर सहभागिता जनाउने करदाताहरु, उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्र सेवक कर्मचारीहरु, सेवा निवृत्त राष्ट्र सेवक कर्मचारीहरु, विभागद्वारा आयोजित हाजिरी जवाफ प्रतियोगिता, निबन्ध प्रतियोगिता र कविता प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई सम्मान गर्नुभएको थियो । (हेर्नुहोस् तालिका)

सो अवसरमा उपप्रंधानमन्त्री तथा अर्थमन्त्री महराले पाँचौ राष्ट्रिय कर दिवसमा आन्तरिक राजस्व विभागले तय गरेको नारा "गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर" अत्यन्त समसामयिक र सूचनामूलक भएकोले यसको मनसाय अनुसारको सूचना प्रवाह भई प्रभावकारिता ल्याउने आशा गरेको बताउनुभयो । गत बर्ष जारी गरेको संविधान कार्यान्वयनको चरणमा रहेको बताउनुहुँदै संविधान कार्यान्वयनका लागि स्रोतको परिचालनबाँकी ३ पेजमा....

## राजस्व संकलन ४६ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७३/०७४ मंसिर मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा ४६ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७३/०७४ मंसिर महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. ६९ अर्व ४६ करोड २ लाख ६९ हजार रहेकोमा रु. ६८ अर्व ७३ करोड ६७ लाख ५५ हजार संकलन भई लक्ष्यको तुलनामा ९९ प्रतिशतको प्रगति भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. २७ अर्व ३ करोड २५ लाख २२ हजार, मूल्य अभिवृद्धि कर रु. २३ अर्व ७७ करोड २३

२०७३/०७४ मंसिर र मंसिरसम्मको प्रगति (रू हजारमा)

| शीर्षक | वार्षिक लक्ष्य | मंसिर महिना सम्मको | | प्रगती प्रतिशतमा | वृद्धिदर |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | | |
| आयकर | ११४१८९८३० | २२८३७९७९ | २२३२७०५६ | ९८ | १४८ |
| वहालकर | ३७५२४१० | ११२५७३६ | १३५०५६५ | १२० | १२९ |
| व्याजकर | ९५८०१०० | ४२१५२३६ | ३३५४९०१ | ८० | १०७ |
| आयकर जम्मा | १२७५२२३४० | २८१७८९५१ | २७०३२५२२ | ९६ | १४० |
| मू.अ.कर | ५९३२८७५४ | २३७३१४९९ | २३७७२३२४ | १०० | १३७ |
| अन्त:शुल्क | ४५०२५२३२ | १६६५९३३९ | १७१४९८५८ | १०३ | १७४ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ३४७८७३ | ३०५३८२ | ८८ | १४४ |
| स्वास्थ्य सेवा शुल्क | ९६८९४३ | ५४२६०७ | ४७६६६९ | ८८ | १४३ |
| जम्मा | २३३६०१५१७ | ६९४६०२६९ | ६८७३६७५५ | ९९ | १४६ |

लाख २४ हजार र अन्त:शुल्क तर्फ रु. १७ अर्व १४ करोड ९८ लाख ५८ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९६ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०० प्रतिशत र अन्तशुल्क तर्फ १०३ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश:

बाँकी १३ पेजमा....

## यसभित्र


विविध कार्यक्रमका साथ कर सप्ताहको समापन — पृष्ठ ६

नेपाल चेम्बर अफ कमर्शसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न — पृष्ठ ८

कर सबै कुराको भर — पृष्ठ १२



# महानिर्देशकको सन्देश

कर दिवसले कर सम्बन्धी सचेतना अभिवृद्धि गर्दै करदाता शिक्षालाई जनस्तरसम्म पुऱ्याई कर कानूनको परिपालनामा सम्वद्ध सबैको सहभागिता होस् भन्ने उद्देश्य राखेको हुन्छ । तसर्थ कर कानूनको परिपालनामा सबैको सक्रिय सहभागिता रहने छ भन्ने विश्वासका साथ पाँचौं राष्ट्रिय कर दिवस सफलता साथ सम्पन्न गर्न सघाउ पुऱ्याउनु हुने सबैमा कृतज्ञता ज्ञापन गर्दछु ।

हामी आर्थिक वर्ष २०७३/०७४ को पाँचौ महिना पूरा गरी छैटौं महिनामा प्रवेश गरेका छौं । आर्थिक वर्षको ५ महिनासम्म आइपुग्दा (मंसिर महिनासम्मको) राजस्व संकलनको लक्ष्य रू. ६९ अर्व ४६ करोड २ लाख ६९ हजार रहेकोमा रू. ६८ अर्व ७३ करोड ६७ लाख ५५ हजार संकलन भई लक्ष्यको तुलनामा ९९ प्रतिशत प्रगति हासिल भएको छ । तोकिएको लक्ष्य पूरा गर्न राजस्व नीति तथा कार्यक्रम, व्यवसायिक कार्य योजना तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भएका विषयहरूको हालसम्म भए गरेका कार्यको प्रगति समीक्षा गर्दै बाँकी काम सम्पादन गर्न व्यावसायिक रणनीतिका साथ अगाडि बढ्नु आवश्यक देखिएको छ । यसमा सबैले सक्रियतापूर्वक आआफ्नो क्षेत्रबाट कार्य गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

अर्थतन्त्रको सवलता तथा दुर्वलता मापन गर्ने सूचकहरू मध्ये पूँजी बजार पनि एक हो । यसको उतार चढावले अर्थतन्त्रको अवस्थालाई इंगित गरिरहेको हुन्छ । पूँजीबजारमा देखिएको लगातारको गिरावटले एकातिर शेयर कारोवारबाट प्राप्त हुने पूँजीगत लाभकर घट्न गएको छ भने अर्कोतर्फ आर्थिक कृयाकलापमा सुस्तता आएको अवस्था छ । तसर्थ तोकिएको लक्ष्य प्राप्तिमा यसको असर सोझै पर्न जाने हुंदा बजारमा हाम्रो अनुगमन बढाई यथार्थ र वास्तविक कारोवार गर्न प्रोत्साहित गर्ने तवरबाट करदाता शिक्षा संचालन गर्ने, प्रदर्शन प्रभाव पर्ने किसिमले अनुसन्धानलाई प्रभावकारी बनाउने, कर परीक्षण कार्यलाई प्रमाण र कानूनको परिधिभित्र रही वास्तविक र यथार्थ परक बनाउने, वक्यौता असुली कार्यलाई अभियानको रूपमा संचालन गर्ने, बेरूजु फछ्र्यौटमा नियमित रूपमा परिणाम देखिने गरी कार्य गर्ने, समग्रमा कर प्रशासनको व्यावसायिकता झल्कने गरी कार्य गर्नका लागि निर्देश गरिएको छ ।

हाल वित्तीय संस्थामा तरलता संकुचन हुन गई लगानी योग्य पूंजीको कमी तथा वचतमा भुक्तानी गर्ने ब्याजदर बढ्दै गएको अवस्था छ । यसबाट उत्पादन, रोजगारी लगायत आर्थिक गतिविधिमा कमी हुन गई यसको सोझो प्रभाव व्यावसायिक नाफामा पर्न जाने हुन्छ । व्यावसायिक नाफा कम हुने वित्तिकै त्यसको प्रत्यक्ष प्रभाव राज्यले प्राप्त गर्ने राजस्वमा पर्दछ । परिणामतः राजस्व असुलीको लक्ष्य प्राप्तिमा कठिनाई हुन जान्छ । तसर्थ बजार अनुगमनलाई सघन रूपमा संचालन गरी कार्यालयको कार्यसम्पादन राजस्व असुली तर्फ उन्मुख गर्दै लैजान समग्र आन्तरिक राजस्व परिवारमा कार्यरत कर्मचारीलाई निर्देश गर्दछु ।

**'गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर'** भन्ने मूल नाराका साथ पाँचौं राष्ट्रिय कर दिवस २०७३ भव्यताका साथ मंसिर १ गतेका दिन मूल समारोहको कार्यक्रम र ७ गतेसम्म कर सप्ताहको रूपमा केन्द्र स्तरमा विविध कार्यक्रम गरी मनाइएको थियो । त्यसैगरी कार्यालयस्तरमा कर सप्ताहको कार्यक्रम संचालन गरी कर सम्बन्धी विभिन्न किसिमका अन्तर्क्रिया कार्यक्रम, करदाता शिक्षा कार्यक्रम, रक्तदान कार्यक्रम लगायतका कार्यक्रमहरू संचालन गरी मंसिर ७ गते पाँचौं राष्ट्रिय कर दिवस कार्यक्रम समापन गरिएको व्यहोरा विदितै छ । कर दिवसले कर सम्बन्धी सचेतना अभिवृद्धि गर्दै करदाता शिक्षालाई जनस्तरसम्म पुऱ्याई कर कानूनको परिपालनामा सम्वद्ध सबैको सहभागिता होस् भन्ने उद्देश्य राखेको हुन्छ । तसर्थ कर कानूनको परिपालनामा सबैको सक्रिय सहभागिता रहने छ भन्ने विश्वासका साथ पाँचौं राष्ट्रिय कर दिवस सफलता साथ सम्पन्न गर्न सघाउ पुऱ्याउनु हुने सबैमा कृतज्ञता ज्ञापन गर्दछु ।

२०७३, मंसिर

**चुडामणि शर्मा**
महानिर्देशक

## १ पेजको बांकी...

महत्वपूर्ण रहेको बताउनुभयो । जबसम्म राजस्व परिचालनले स्वचालित रुपले गति लिन सक्दैन तबसम्म राष्ट्रको विकास सम्भव नहुने उहांको भनाई थियो । विकास र समृद्धि प्रतिको जनईच्छा आकांक्षाको परिपूर्तिको आधारशीला कर भएकोले करको योगदानमा हामी सबैको सहभागिता हुनुपर्छ भन्नेमा दुईमत छैन भन्नुहुँदै राष्ट्रिय आवश्यकताको मेरुदण्ड रहेको कर तपाई हामी सबैको साझा र सरोकारको विषय हो भन्नुभयो । आन्तरिक राजस्व विभागको काँधमा राजस्व असुलीको जिम्मेवारी रहेको र कर छली र राजस्व चुहावट नियन्त्रण गर्न राजस्व प्रशासनलाई आधुनिकीकरण गर्दै प्रगतिशील करको माध्यमबाट करको दायरा विस्तारका लागि नयाँ तरिकाबाट कार्यसम्पादन गर्नुपर्ने साथै सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई करको



कार्यक्रमको उद्घाटन गर्नुहुँदै उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महरा

अपरिहार्यता र प्रत्येक नागरिकको सहभागिता जरुरी छ भन्ने सूचना राष्ट्रिय कर दिवसले प्रवाह गर्न सकोस् भन्ने कामना समेत गर्नुभयो ।

सोही अवसरमा सभापतिको आसनबाट राजस्व सचिव श्री राजन खनालले आम करदाताले कर प्रशासनमा सुधारको अपेक्षा गरेको बताउनुभयो । करदाताहरु कर तिर्न तयार रहेको तर कानुनलाई सरल र सजिलो बनाउन पर्छ भन्ने करदाताको आग्रहलाई कर प्रशासनले सम्बोधन गर्दै जाने बताउनुभयो । कर प्रशासनलाई आधुनिक बनाउन मोबाइल एप्स र एसएमएस प्रविधिको शुरुवात भइसकेको बताउनुहुँदै करदातालाई कर कार्यालयमा बुझाउनु पर्ने विवरण तथा कर दाखिला गर्न बांकी रहे नरहेको मोबाइल एप्स र एसएमएस मार्फत् थाहा पाउन सकिने बताउनुभयो । करदाताले जुनसुकै ठाउँबाट पनि कर दाखिला

### पांचौ कर दिवस, २०७३ का अवसरमा पुरस्कृत गरिएका १५ करदाताहरुको नामावली

| क्र.सं. | विधा | करदाताको नाम र कार्यालय |
|---|---|---|
| १ | सबैभन्दा बढी कर तिर्ने करदाता | सूर्य नेपाल प्रा.लि., ठूला करदाता कार्यालय |
| २ | निर्यातकर्ताहरुमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | डाबर नेपाल प्रा.लि., ठूला करदाता कार्यालय |
| ३ | विशेष उद्योगमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | युनिलिभर नेपाल लि., ठूला करदाता कार्यालय |
| ४ | कृषि एवं पशुपन्छीजन्य उद्योगमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | ओम चाओविरो फिड इण्डष्ट्रिज, ठूला करदाता कार्यालय |
| ५ | सहकारी संस्थामध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | राष्ट्रिय सहकारी बैंक लिमिटेड, ठूला करदाता कार्यालय |
| ६ | लघुवित्त सेवामध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | छिमेक लघुवित्त विकास बैंक, ठूला करदाता कार्यालय |
| ७ | बैंक वित्तीय संस्थामध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | नविल बैंक लि., ठूला करदाता कार्यालय |
| ८ | वीमा व्यवसायमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | लाइफ ईन्स्योरेन्स कर्पोरेशन नेपाल लि., ठूला करदाता कार्यालय |
| ९ | विप्रेषण व्यवसायमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | आईएमई लिमिटेड, ठूला करदाता कार्यालय |
| १० | पर्यटन क्षेत्रसंग सम्बन्धित व्यवसायीहरुमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | तारागाउं रिजेन्सी होटल्स लि., ठूला करदाता कार्यालय |
| ११ | व्यापार व्यवसायमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | सिप्रदि ट्रेडिङ्ग प्रा.लि., ठूला करदाता कार्यालय |
| १२ | साना करदाता (वार्षिक रु.५ करोडसम्म कारोवार भएका) मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | सांग्रिला इनर्जी लिमिटेड, करदाता सेवा कार्यालय, बत्तिसपुतली |
| १३ | मझौला करदाता (वार्षिक रु.५ करोड देखि रु.४० करोडसम्म कारोवार भएका) मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | सिवेक हस्पिटल प्रा.लि., आ.रा.का.काठमाण्डौ ३ |
| १४ | व्यक्तिगत आयकर तिर्नेहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | सिद्धार्थ शम्सेर ज.ब.राणा, आ.रा.का. ललितपुर |
| १५ | २०५४।८।१ मा मू.अ.करमा दर्ता भएका र हालसम्म समयमै कर विवरण र कर बुझाएका करदातामध्ये सबैभन्दा बढी मू.अ.कर तिर्ने करदाता | नेपाल दूरसंचार कम्पनी लि., ठूला करदाता कार्यालय |

### निवन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतिय स्थान हासिल गर्नेहरु

| स्थान | विद्यालयको नाम | विद्यार्थीको नाम |
|---|---|---|
| तृतीय | के.एम.सी स्कुल | श्रीन सुवेदी |
| द्वितीय | ग्लोवल कलेज अफ म्यानेजमेन्ट | एलिसा लामिछाने |
| प्रथम | फ्लोरोसेन्ट उ.मा.वि | आकृति आचार्य |

### कविता प्रतियोगितामा प्रथम, द्वितीय र तृतिय स्थान हासिल गर्नेहरु

| **स्थान** | **विद्यालयको नाम** | **विद्यार्थीको नाम** |
|---|---|---|
| तृतीय | काठमाडौं फरेष्ट्री कलेज | सन्देश लामिछाने |
| द्वितीय | लिभरपुल इन्टरनेशनल कलेज | किरण न्यौपाने |
| प्रथम | द टाइम्स इन्टरनेशनल | रक्षा ज्ञवाली |

### हाजिरी जवाफ प्रतियोगिता

| | |
|---|---|
| हाजिरी जवाफ प्रतियोगितामा प्रथम | प्रथम (आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं १ ) कर अधिकृत घनश्याम भुषाल/ कर अधिकृत हेमराज जोशी/ कर अधिकृत गीता लम्साल |
| हाजिरी जवाफ प्रतियोगितामा द्वितीय | द्वितीय (करदाता सेवा कार्यालय नयांसडक) कर अधिकृत गंगाराम भण्डारी/ कर अधिकृत रेनु तिमिल्सिना/ कर अधिकृत रमेश पौडेल |
| हाजिरी जवाफ प्रतियोगितामा द्वितीय | तृतीय (करदाता सेवा कार्यालय पुतलीसडक) कर अधिकृत ममता बास्तोला/ कर अधिकृत पुण्य रिजाल/नायव सुव्वा केशव भट्टराई |

गर्न सक्ने प्रविधिको विकास तर्फ कर प्रशासन लागि परेको जानकारी गराउनुहुँदै कर लगाउँदा कानुनी आधार र लेखाका सर्वमान्य सिद्धान्तलाई अनुसरण गरे नगरेको ख्याल गरी सोही आधारमा मात्र करारोपण गर्नु पर्ने उहाँको भनाई थियो । कानुनमा उल्लेख भए बमोजिमको कर तिर्नु पर्छ कि पर्दैन भन्ने बहसको विषय हुन सक्दैन भन्नुहुँदै तिरेको कर विकास निर्माणमा खर्च भयो कि भएन भन्ने विषय मात्र बहसको विषय हुनसक्छ भनी उल्लेख गर्नुभयो ।

महानिर्देशक श्री चुडामणि शर्माले पाँचौ राष्ट्रिय कर दिवसको अवसरमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत मन्तव्य राख्नु भएको थियो । साथै, आन्तरिक राजस्व विभागको गत वर्ष सम्पन्न भएका कामको विवरण तथा



प्रभातफेरिमा सहभागी कर्मचारीहरु

आगामी वर्षको कार्य योजना बारेमा प्रस्तुत गर्नु भएको थियो । उहाँले नेपालमा आधुनिक कर प्रणाली शुरु भएको ५ दशक नाघिसकेको बताउनुहुँदै आन्तरिक राजस्व अधिकतम परिचालन गर्ने उद्देश्यका साथ एकीकृत कर प्रणाली अवलम्बन गर्ने नीति अनुरुप साविकको कर विभाग र मूल्य अभिवृद्धि कर विभागलाई एकीकृत गरी २०५८ साल वैशाख २ गते आन्तरिक राजस्व विभागको स्थापना भएको जानकारी दिनुभयो । विभागलाई आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको प्रशासन गर्ने जिम्मेवारी सुम्पिएको जानकारी दिनुहुँदै समग्र राष्ट्रको शान्ति, सुशासन, विकास र समृद्धिको

| क्र.सं. | सम्मानित हुने संघ संस्थाको नाम |
|---|---|
| १ | नेपाल उद्योग वाणिज्य महासंघ, टेकु काठमाडौं |
| २ | नेपाल उद्योग परिसंघ, थापाथली, काठमाडौं |
| ३ | नेपाल चेम्बर अफ कमर्श, जमल काठमाडौं |
| ४ | नेपाल राष्ट्रिय उद्योग ब्यापार संगठन |
| ५ | नेपाल वार एशोसिएसन |
| ६ | नेपाल चार्टर्ड एकाउन्टेन्ट संघ |
| ७ | नेपाल बैंकर्स एशोसिएसन |
| ८ | राष्ट्रिय सहकारी संघ |
| ९ | नेपाल खुद्रा व्यापार संघ |
| १० | नेपाल आर्थिक पत्रकार समाज |
| ११ | अडिटर्स एशोसिएसन अफ नेपाल |
| १२ | नेपाल विकास बैंक संघ |

| क्र.सं. | कर प्रणालीमा सुधारमा सहयोग पुऱ्याउने व्यक्तिको नाम |
|---|---|
| १ | डा.रुप खड्का, वालुवाटार, काठमाडौं । |
| २ | श्री भवनाथ दाहाल, चार्टर्ड एकाउन्टेन्ट |

| क्र.सं. | पूर्व राष्ट्र सेवक कर्मचारीहरु |
|---|---|
| १ | विष्णु प्रसाद नेपाल, बालाजु काठमाडौं |
| २ | पद्मनाभ सिं कार्की, वानेश्वर, काठमाडौं |
| ३ | श्याम प्रसाद पोखरेल, सिनामंगल, काठमाडौं |
| ४ | चुडामणि देवकोटा, ज्ञानेश्वर, काठमाडौं |
| ५ | जनार्दन त्रिपाठी, बत्तीसपुतली, काठमाडौं |
| ६ | गोविन्दप्रसाद शर्मा रेग्मी, अनामनगर, काठमाडौं |
| ७ | कृष्ण गोपाल श्रेष्ठ, गैह्रीधारा, काठमाडौं |
| ८ | राम प्रसाद घिमिरे, काठमाडौं |
| ९ | सुरेश सापकोटा, पुतलीसडक, काठमाडौं |

| १ | कार्यालय | उत्कृष्ट हुने राष्ट्र सेवक कर्मचारीहरुको नामावली |
|---|---|---|
| २ | आन्तरिक राजस्व विभाग | निर्देशक श्री पदम कुमार श्रेष्ठ |
| ३ | आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज | प्रमुख कर अधिकृत श्री नारायण प्रसाद सुवेदी |
| ४ | ठूला करदाता कार्यालय | प्रमुख कर अधिकृत श्री लोक प्रसाद न्यौपाने |
| ५ | करदाता सेवा कार्यालय वानेश्वर | प्रमुख कर अधिकृत हरि प्रसाद तिमिल्सीना |
| ६ | आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ | प्रमुख कर अधिकृत श्री हरिशचन्द्र ढकाल |
| ७ | आन्तरिक राजस्व विभाग | शाखा अधिकृत श्री किशोर ढकाल |
| ८ | आन्तरिक राजस्व विभाग | शाखा अधिकृत श्री सरिता भट्ट नेपाल |
| ९ | आन्तरिक राजस्व कार्यालय, चितवन | कर अधिकृत श्री ध्रुव बहादुर भण्डारी |
| १० | करदाता सेवा कार्यालय न्यूरोड | नायब सुब्बा श्री गंगा पौडेल लम्साल |
| ११ | आन्तरिक राजस्व कार्यालय, धनगढी | कार्यालय सहयोगी श्री मोहन बहादुर अधिकारी |

जनआकांक्षालाई पूरा गर्नको लागि आवश्यक पर्ने आन्तरिक स्रोतको परिचालन अपरिहार्य भएको सन्दर्भमा सम्पूर्ण करदाताहरुमा कर सम्बन्धी विषयमा सुसूचित गर्न सकियोस् भन्ने उद्देश्यका साथ राष्ट्रिय कर दिवसको रुपमा मनाउन थालिएको बताउनुभयो । उहाँले करदाता शासकीय साझेदार भएको र कर प्रशासनको साझा राष्ट्रिय पर्वको रुपमा कर दिवस मनाउने गरिएको समेत उल्लेख गर्नु भएको थियो ।

'गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर' भन्ने नारा मूल नाराका साथ मनाउन लागिएको कर दिवसले आन्तरिक स्रोतको आवश्यकता र औचित्यलाई मनन गरी गौरवका साथ कर तिर्ने बानीको विकास होस्, समृद्ध राष्ट्र बनाउने रहरलाई उजागर

गर्दै देश र राष्ट्रप्रतिको जिम्मेवारी बोध गरी राष्ट्र निर्माणमा सबैको योगदान अभिवृद्धि होस् भन्ने विश्वासका साथ नाराको चयन भएको जानकारी दिनुभयो ।

राष्ट्रको कर नीतिले परिलक्षित गरेका लक्ष्यहरु हासिल गर्नको लागि कर प्रशासनलाई स्वच्छ, दक्ष, प्रभावकारी, मितव्ययी, स्वचालित र सूचना प्रविधियुक्त बनाउँदै करदातामैत्री कर प्रशासन मार्फत गुणस्तरयुक्त सेवा प्रदान गर्ने एक मात्र ध्येय विभागले लिएको महानिर्देशक शर्माले बताउनुभयो ।

कर प्रशासनले समतामूलक व्यवहार, करदाताको सम्मान, सदाचारिता र प्रतिबद्धता, सहकार्य, नवीन सोच र मूल्य मान्यतामा आधारित कार्यसम्पादन गर्दै आएको बताउनुहुँदै हाल भैरहेका विद्यमान कर नीतिहरुमा समय सापेक्ष सुधार गर्दै जाने, करदाता सेवा, सूचना र संचारलाई महत्वपूर्ण सुधारको रुपमा लिने, आधुनिक प्रविधिको प्रयोगलाई व्यापक र गुणस्तरयुक्त बनाउने र सांगठनिक प्रणालीको सुदृढीकरण र सक्षम जनशक्तिको परिचालन गर्ने थप उद्देश्यका साथ विभाग क्रियाशील रहेको उल्लेख गर्नुभयो ।

अनुसन्धानमा आधारित कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित राजस्व लक्ष्य निर्धारण, स्वेच्छिक कर सहभागितामा आधारित अनुसन्धान, जोखिममा आधारित कर परीक्षण, प्रमाणमा आधारित चुहावट नियन्त्रण, न्यायिक मूल्यमा आधारित निर्णय प्रकृया जस्ता प्रणालीगत मागदर्शनका आधारमा कार्यसम्पादन गर्दै आएको महानिर्देशक श्री शर्माले जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०७२/०७३ मा GDP मा राजस्वको योगदानको अनुपात करिब २१.५ पुगेको जानकारी दिनुहुँदै आर्थिक वर्ष २०७२/७३ मा विभागको राजस्व लक्ष्य १ खर्ब ९४ अर्ब ६७ करोड भएकोमा रु. २ खर्ब ४ अर्ब ४३ करोड असुली भई लक्ष्यको तुलनामा रु. ९ अर्ब ७६ करोड बढी असुली भई १०५ प्रतिशत प्रगति भएको र गत वर्षको तुलनामा १२८ प्रतिशतले बढी संकलन भएको जानकारी दिनुभयो ।

करको दायरा विस्तार तर्फ आर्थिक वर्ष २०७२/०७३ को अन्त्यसम्ममा व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्या ८ लाख ४० हजार तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सख्या ६ लाख २ हजार समेत जम्मा १४ लाख ४२ हजार पुगेको र सो






पांचौं राष्ट्रिय कर दिवसको अवसरमा सम्मानित व्यक्तिहरुसंग उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महरा (माथि) र प्रभातफेरिमा सहभागी कर्मचारीहरु (तल)

मध्ये मूल्य अभिवृद्धि करमा १ लाख ६४ हजार र अन्तःशुल्कतर्फ ४२ हजार करदाता कर प्रणालीमा आबद्ध भएको बताउनुभयो ।

वार्षिक बजेटमा उल्लेख भएका कर नीति तथा राजस्व नीतिको अधीनमा रही वार्षिक राजस्व र कार्यात्मक लक्ष्य निर्धारण गरी कार्यान्वयन गरिरहेको बताउनुहुँदै सूचना प्रबिधिको प्रयोगलाई व्यापक बनाउँदै कर प्रशासनको कार्यलाई सरलीकृत र नतिजामूलक बनाउनको लागि करदाताको कर सम्बन्धी बिस्तृत जानकारी भएको Mobile Apps र Sms प्रणालीको शुरुआत भएको जानकारी दिनुभयो ।

कर प्रणालीलाई सरलीकृत गर्नको लागि एकीकृत कर संहिता (Single Tax Code) निर्माणको लागि कार्य शुरु गरेका छौं भन्नुहुँदै स्थायी लेखा नम्बर तथा मू.अ.कर दर्ताको दरखास्त फारामको ढांचा परिमार्जन गर्न Know Your Taxpayer अभियान संचालन गरी दर्ता प्रकृयालाई अझ बढी व्यवस्थित बनाउने कार्य सुरु गरिएको महानिर्देशक श्री शर्माले जानकारी दिनुभयो। सो अवसरमा कर सहभागिता जनाउने करदाता, उत्कृष्ट हुने कर्मचारी, सेवा निवृत्त कर्मचारी तथा विभिन्न प्रतियोगितामा उत्कृष्ट हुने प्रतियोगिहरुलाई बधाई दिनु भयो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष पशुपति मुरारकाले कर तिरेर सम्मान हुनु अन्य कुनै पनि सम्मान भन्दा ठूलो विषय भएको बताउनुभयो। देश विकासका लागि नागरिकले कर तिर्नु कर्तव्य भएको उहाँको भनाई थियो। व्यवसायीहरु करको दायरामा आएर कर तिर्न तयार छन् भन्नुहुँदै त्यसका लागि कर प्रशासनले उपयुक्त वातावरण तयार पार्नुपर्ने बताउनुभयो । कर प्रशासनले गरेको कर निर्धारण उपर करदाता अदालत गएको अवस्थामा ५० प्रतिशत धरौटी राख्नुपर्दा प्रशासकीय पुनरावलोकन र राजस्व न्याधिकर णबाट मुद्दा टुंगो लाग्न वर्षौं लाग्ने हुँदा व्यवसायीको रकम फसिरहेको उहाँको भनाई थियो ।

आयकर तर्फ उत्कृष्ट करदाताको तर्फबाट श्री शम्भु दाहालले सम्मानित हुन पाएकोमा हौसला प्राप्त भएको बताउनुभयो । उहाँले कर तिर्नु आफ्नै लागि हो भन्नुहुँदै आफ्नो कर्तव्य राष्ट्रप्रति निभाउँदै जाउँ, आफ्नै हितको लागि कर तिर्ने हो, अर्को वर्ष अझै व्यवसायीहरु पुरस्कृत हुने वातावरण बनोस् भन्ने उहाँको भनाई थियो ।




# विविध कार्यक्रमका साथ कर सप्ताहको समापन

पाँचौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७३ को अवसरमा आन्तरिक राजस्व विभाग र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा काठमाडौंस्थित ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १, २ र ३ तथा करदाता सेवा कार्यालय अन्तर्गतका उत्कृष्ट करदाता र कर्मचारीलाई सम्मान गर्दै मंसिर ७ गते सम्पन्न भएको छ।

कार्यक्रममा आर्थिक सल्लाहकार श्री पुन्यप्रसाद रेग्मीले मुलुकको आर्थिक समृद्धिको लागि, विकासको लागि व्यवसायीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। ६ प्रतिशतभन्दा कम मानिस करको दायरामा रहेको बताउनुहुँदै कम्तिमा यसलाई २० प्रतिशत पुऱ्याउनु पर्ने उहाँको भनाइ थियो । बहालकर प्रभावकारी हुन नसकेको बताउनुहुँदै देशको अर्थतन्त्र विकासका लागि सबै लागेर जोडबल गर्न जरुरी रहेको बताउनुभयो। कूल ग्राहस्थ उत्पादन ६ प्रतिशत पुऱ्याउने प्रयासमा रहेको बताउनुहुँदै व्यापक अनुसन्धान गरेर अर्थनीति कस्तो हुने भन्ने विषयमा छलफल गरेर ठोस अर्थ नीतिको तयारीमा रहेकाले व्यवसायीको सुझावको आवश्यकता रहेको बताउनुभयो।

अर्थ मन्त्रालयका सहसचिव श्री लक्ष्मण अर्यालले व्यवसायी र कर प्रशासनको साझेदारीबाट नै कर प्रणालीको सुधार हुने, रोजगारीको सिर्जना हुने र राज्यलाई समृद्ध बनाउन सकिने बताउनुभयो । आर्थिक उदारीकरण पछि कर प्रणालीमा सुधार भएको बताउनुहुँदै स्वेच्छिक सहभागिताले करदाताले आफ्नो कर आफैं निर्धारण गर्न पाउने व्यवस्था रहेको बताउनुभयो । श्री अर्यालले करको दायरा विस्तार भएको र कर संकलन पनि वृद्धि भएको बताउनुभयो । अझै पनि सुधारको धेरै विषय बांकी रहेको उल्लेख गर्नुहुँदै ६ वर्षदेखि करदातालाई अनलाइनबाट सेवा उपलब्ध गराइएको बताउनुभयो । करदातालाई अझै पैसा बुझाउन बैंकमा

### उत्कृष्ट कर सहभागिता जानाउने करदाताहरु

| सि.नं. | कार्यालय | विवरण |
|---|---|---|
| १ | ठूला करदाता कार्यालय, ललितपुर | श्री शिखर इन्सुरेन्स कम्पनी लिमिटेड |
| २ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ | युनिभर्सल टुर्स एण्ड ट्राभल्स प्रा.लि. |
| ३ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ | सि.एम.एस. रेमिट प्रा.लि. |
| ४ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ | १. श्री हाम्रो विकास बैंक लिमिटेड |
| | | २. श्री प्रविण ट्रेड एण्ड सप्लायर्स |
| | | ३. श्री आई.एम.ई. कोअपरेटीभ सर्भिस लि. |
| ५ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | १ क्युमेड फर्मुलेशन प्रा.लि. |
| | | २ नाङसाल ढुंगा रोडा उद्योग प्रा.लि. |
| | | ३ मेलम्ची फट्केश्वर इन्द्रावती स्टोन प्रा.लि. |
| | | ४. मन्थली बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| | | ५. श्री अद्वितीय एण्ड अदिस स्टोर एण्ड सप्लायर्स |
| ६ | आन्तरिक राजस्व कार्यालय, ललितपुर | गुहेश्वरी मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लि. |
| ७ | करदाता सेवा कार्यालय, कोटेश्वर | पाँचतारा बचत तथा ऋण सहकारी संस्था |
| ८ | करदाता सेवा कार्यालय, चावहिल | एडभेन्चर ६००० कम्पनी प्रा.लि. |
| ९ | करदाता सेवा कार्यालय, बानेश्वर | राजदेवी इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. |
| १० | करदाता सेवा कार्यालय, बत्तिसपुतली | अर्किड ईन्टरनेशनल कलेज प्रा.लि. |
| ११ | करदाता सेवा कार्यालय, पुतलीसडक | टर्किस एयरलाईन्स इन्कर्पोरेशन |
| १२ | करदाता सेवा कार्यालय, ठमेल | मणिग्राम बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १३ | करदाता सेवा कार्यालय, नयाँ सडक | व्याण्ड वक्स ड्राइ क्लिनर्स प्रा.लि |
| १४ | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | माईलस्टोन कम्प्लेक्स प्रा.लि. |
| १५ | करदाता सेवा कार्यालय, कलंकी | यूरो पश्मिना प्रा.लि. |
| | | वोमी माईक्रोफाईनान्स वित्तीय संस्था लिमिटेड |
| १६ | करदाता सेवा कार्यालय, महाराजगञ्ज | डा. रामानन्दप्रसाद चौधरी |
| १७ | करदाता सेवा कार्यालय, बालाजु | महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था |
| | | त्रिशुली बचत तथा ऋण सहकारी संस्था लि. |
| | | याउ यी एक्सपोर्ट प्रा.लि. |
| १८ | करदाता सेवा कार्यालय, टंगाल | सेराजेम नेपाल प्रा.लि. |
| १९ | करदाता सेवा कार्यालय, कालिमाटी | अमृत बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड |

### उत्कृष्ट कार्य सम्पादन गरी पुरस्कृत हुने कर्मचारीहरु

| सि.नं. | कार्यालय | कर्मचारी |
|---|---|---|
| १ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. २ | प्रमुख कर अधिकृत श्री भिमसेन तिमिल्सिना |
| २ | ठूला करदाता कार्यालय, ललितपुर | कर अधिकृत श्री डोलेन्द्रप्रसाद शर्मा |

जानुपर्ने वाध्यता रहेको बताउनुभयो । कर लगाउँदा सूचनामा आधारित भएर लगाउन निर्देशन दिनुहुँदै करदाताको मन जितेर काम गर्न कर प्रशासनलाई निर्देशन दिनुभयो ।

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री धनिराम शर्माले पाँचौं राष्ट्रिय कर दिवस, करदातालाई शिक्षित, सुसूचित, देशभरका करदातालाई सचेतना गर्ने प्रयास भएको बताउनुभयो। यस कार्यमा नेपाल उद्योग वाणिज्य महासंघ जिल्ला कार्य समितिलाई धन्यवाद दिनुहुँदै कर प्रशासन कर प्रणाली सुधारमा निरन्तर प्रयासरत रहेको बताउनुभयो । उपमहानिर्देशक श्री शर्माले करनीतिमा सुधार र स्थायित्व हुनुपर्ने बताउनुहुँदै लगानीमैत्री करनीति र कर प्रणालीको माध्यमबाट करदातालाई आकर्षित गर्ने प्रयासमा कर प्रशासन रहेको जानकारी दिनुभयो। कानुनका प्रकृयाहरु सरल हुनुपर्ने बताउनुहुँदै एकल कर (Single Tax) को विषयमा चर्चा गर्नु भएको थियो। करदाताहरुलाई स्वच्छ र पारदर्शी व्यवसाय गर्न निर्देशन दिनुहुँदै व्यवसायीको लागत घटाउन सूचना प्रविधिलाई सुधार गर्दै लैजाने बताउनुभयो। उहाँले कर प्रशासनबाट पनि स्वच्छ र सदाचारी व्यवहारको जरुरी रहेको बताउनुभयो ।

आन्तरिक राजस्व विभागका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले कर दिवसको अवसरमा विभागले साताव्यापी कार्यक्रम सञ्चालन गरेको बताउनुहुँदै सोही कार्यक्रम अन्तर्गत उच्च कर सहभागिता जनाउने काठमाडौंस्थित १९ वटा कार्यालयका करदाताहरुलई सम्मान गरिएको बताउनुभयो ।

नेपाल वार एशोसिएसनका अध्यक्ष श्री शेरबहादुर केसीले कर बुझाउने प्रकृया जटिल रहेको बताउनुहुँदै पैसा बुझाउँछु भन्दा पनि सहज रुपमा बुझाउन नसकेको अवस्थाका बारेमा चर्चा गर्नु भएको थियो । १ करोड जनतालाई करको दायरामा ल्याउनुपर्ने सुझाव दिनुहुँदै देशलाई समृद्ध बनाउनका लागि करलाई सरलीकरण गर्नुपर्ने उहाँको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारकाले कर भनेको चन्दा नभई कानुनमा जे लेखिएको छ त्यो तिर्नुपर्छ भन्नुभयो। कर प्रशासनबाट तोकिएको दफा भन्दा बढी पनि कर तोकिएको बताउनुहुँदै त्यसले व्यवसायमा मुनाफा कम भएको जानकारी दिनुभयो। सरकार लगानी नगरी व्यवसायमा साझेदार साझेदार भएको बताउनुहुँदै कम मुनाफा हुँदा त्यसको भागिदार सरकार पनि हुने उहाँको भनाइ थियो । व्यवसायीहरु कर कार्यालय जान किन डराउँछन् भन्नुहुँदै कर प्रणालीलाई सरलीकृत गर्दै लैजानुपर्ने उहाँको भनाइथियो। उहाँले आयातमुखी अर्थतन्त्रमा उद्योग भएन भने रोजगारी सिर्जना नहुने बताउनुहुँदै करमा दर वृद्धि गर्न नहुने र दायरा विस्तार गर्नुपर्ने सुझाव दिनुभयो । कर तिर्नु करदाताको दायित्व भएको बताउनुहुँदै करदातालाई मैले गरेर बाटो बन्यो, पुल बन्यो, बत्ती बल्यो भनेर गर्व हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि श्री भवानी राणाले १० वर्षको दौरानमा करको दायरामा वृद्धि भएको बताउनुभयो। उहाँले कर प्रणालीलाई जति सरलीकृत गर्दै लैजान सक्यो त्यति नै स्वदेशी, विदेशी लगानी वृद्धि हुने भनाइ राख्नु भयो। साना करदाताका समस्याहरु विद्यमान रहेको बताउनुहुँदै राणाले आउने दिनमा बजेटमा कर प्रणालीलाई सरलीकृत बनाउनु पर्ने र व्यवसायीहरुकोको लागत बढी रहेको सन्दर्भमा चर्चा गर्नु भएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ कर राजस्व समितिका सभापति श्री शौरभ ज्योतिले ५ वर्षको राजस्व संकलनको अवस्था हेर्दा सन्तोषजनक रहेको बताउनुभयो। करदाताको सहजताको लागि विभागले शुरुवात गरेको कर सम्बन्धी एसएमएस र मोबाइल एपबाट कर तिर्न सहज हुने उहाँको भनाइ थियो। विद्युतीय माध्यमलाई अझ प्रभावकारी बनाउनु पर्ने र कर चुक्ता दिने व्यवस्था पनि सूचना प्रविधिमा आधारित हुनुपर्ने बताउनुभयो । श्री ज्योतिले आर्थिक जरिवानामा फौजदारी अभियोग लगाउन नहुने बताउनुहुँदै करको दर घटाएर दायरा विस्तार गर्नुपर्ने सुझाव दिनु भएको थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभाग अन्तर्गतका काठमाडौंस्थित कार्यालयहरुबाट उत्कृष्ट करदाता र कर्मचारीलाई सम्मान समेत गरिएको थियो। (हेर्नुहोस् टेवलमा)। कार्यक्रमको अन्त्यमा सिस्नुपानी नेपालले कर सम्बन्धी व्यंग्यात्मक कार्यक्रमको आयोजना गरेको थियो ।

| | | |
|---|---|---|
| ३ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ | कर अधिकृत श्री दिपेन्द्र प्रकाश गिरी |
| ४ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ | कर अधिकृत श्री लोकनाथ ढकाल |
| ५ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | कर अधिकृत श्री नर वहादुर राई |
| ६ | आन्तरिक राजस्व कार्यालय, ललितपुर | कर अधिकृत श्री बोलराज आचार्य, |
| ७ | करदाता सेवा कार्यालय, कोटेश्वर | ना.सु. श्री बालचन्द्र लम्साल |
| ८ | करदाता सेवा कार्यालय, चावहिल | कर अधिकृत श्री कुमार पुडासैनी |
| ९ | करदाता सेवा कार्यालय, बानेश्वर | कर अधिकृत श्री द्वारीकाप्रसाद सत्याल |
| १० | करदाता सेवा कार्यालय, बत्तिसपुतली | कर अधिकृत श्री ढुण्डीराज दाहाल |
| ११ | करदाता सेवा कार्यालय, पुतलीसडक | कर अधिकृत श्री बाबु काजी कार्की |
| १२ | करदाता सेवा कार्यालय, ठमेल | कर अधिकृत श्री प्रेम प्रसाद तिम्सिना |
| १३ | करदाता सेवा कार्यालय, नयां सडक | कर अधिकृत श्री लक्ष्मण बुढाथोकी |
| १४ | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | कर अधिकृत श्री शरद कुमार प्रधान |
| १५ | करदाता सेवा कार्यालय, कलंकी | कर अधिकृत श्री लक्ष्मण प्रसाद घिमिरे |
| १६ | करदाता सेवा कार्यालय, महाराजगञ्ज | कर अधिकृत मनोज गिरी |
| १७ | करदाता सेवा कार्यालय, बालाजु | कर अधिकृत श्री बसन्त राज तिवारी |
| १८ | करदाता सेवा कार्यालय, टंगाल | कर अधिकृत अम्विका प्रसाद फयाल |
| १९ | करदाता सेवा कार्यालय, कालिमाटी | कर अधिकृत श्री शर्मिला सुवेदी |




पाँचौं राष्ट्रिय कर दिवस समापन समारोहका केही झलकहरु

वर्ष ४, अङ्क ५, २०७३ मंसिर, Year 4, Issue 5, December 2016




# नेपाल चेम्बर अफ कमर्शसँग अन्तक्रिया कार्यक्रम सम्पन्न

काठमाडौं। पाँचौ राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७३ को अवसरमा नेपाल चेम्बर अफ कमर्शको आयोजनामा मंसिर ६ गते अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले अन्तक्रिया कार्यक्रमले सुन्ने, सुनाउने र सुधार्ने बताउनुहुँदै करदाताको अपेक्षा, कर प्रशासनको अपेक्षा र सरकारको अपेक्षा सहभागितामूलक शासन व्यवस्था भएको बताउनुभयो। हामी भन्ने भावनाका साथ अघि बढ्नु पर्ने बताउनुहुँदै विद्यमान समस्यालाई सुक्ष्म अध्ययन गरेर समाधान गर्नुपर्ने उहाँको भनाई थियो। करका दरहरुका सन्दर्भमा नेपालको कर प्रणाली युरोपेली मापदण्डमा विकास भएको बताउनुहुँदै Sample का रुपमा २ प्रतिशतलाई कर परीक्षण गरेर ९८ प्रतिशतलाई छुट दिएको जानकारी दिनुहुँदै आफूले ५० प्रतिशत कर परीक्षणलाई हटाएको जानकारी गराउनुभयो। कर परीक्षणले आफ्ना कमी कमजोरीलाई सुधार गर्ने अवसर दिने बताउनुहुँदै कर परीक्षणमा परिसकेका व्यवसायीलाई एउटा निश्चित समयसम्म छुट दिने विषयमा अध्ययन भइरहेको जानकारी गराउनुभयो।

महानिर्देशक शर्माले मुलुक समृद्ध नभएकै कारण व्यवसायीसँग कर लिने गरिएको बताउनुहुँदै अरब लगायतका देश समृद्ध भएका कारण न्यून कर लाग्ने जानकारी दिनुभयो। बजारमा विल लिने दिने बानीको विकास हुन नसक्दा कर प्रशासनले बजारमा विल विजकको अनुगमन नगरेको भन्ने लान्छना लाग्ने गरेको बताउनुहुँदै कर शिक्षालाई प्रभावकारी बनाउने बताउनुभयो। उहाँले जहाँ जहाँ प्रकृयागत जटिलताहरु छन्, जहाँ जहाँ सेवा पुगेको छैन त्यहाँ पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो। शर्माले करदाताको विवरणमा सही सूचना नभएको खण्डमा मोइल एप र एसएमएस सिस्टमबाट आफ्नो करको बारेमा जानकारी लिन नसक्ने भएकाले सूचनालाई अद्यावधिक गर्न पनि निर्देशन दिनुभयो। विभागद्वारा सञ्चालित कल सेन्टरलाई आधुनिक सूचना प्रविधिमा अद्यावधिक गरिएको समेत बताउनुभयो। महानिर्देशक शर्माले ३० जिल्लामा ४९ वटा कार्यालय सञ्चालनमा रहेको बताउनुहुँदै संघीय संरचनामा जाँदा कर प्रशासनलाई सरलीकृत गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो। व्यवसायीले कर प्रशासनको आँखाबाट हेर्नुपर्ने र कर प्रशासनले पनि व्यवसायीको आँखाबाट हेर्नुपर्ने बताउनुहुँदै आफूले आर्जन गरेको सम्पत्तिको वैधानिकता प्रस्तुत गर्ने काम व्यवसायीकै भएको बताउनुभयो। कर तिर्ने कुरालाई अवसरको रुपमा लिन आग्रह गर्नुहुँदै सक्ने बेलामा करदान गरेपछि असक्त भएको बेला सामाजिक सुरक्षा वापत राज्यले हेर्ने उहाँको भनाइ थियो। कर प्रशासनबाट कहिं कतै समस्या भएको छ, कमजोरी छ भने तत्काल सुधार गर्नको लागि आफू प्रतिवद्ध भएको समेत महानिर्देशक शर्माले बताउनुभयो।

नेपाल चेम्बर अफ कमर्सको अध्यक्ष श्री राजेकाजी श्रेष्ठले सामाजिक विकासका लागि कर तिर्नु अपरिहार्य रहेको बताउनुहुँदै कर प्रशासनले कर तिरुँ तिरुँ लाग्ने वातावरणको सिर्जना गर्नुपर्ने उहाँको भनाई थियो। कर प्रशासनमा करदाताको लगानी बढ्दै गएको बताउनुहुँदै त्यसलाई विस्तारै घटाउनु पर्ने भनाइ राख्नुभयो। भन्सार घट्दै गएको सन्दर्भमा भ्याटको रकम बढेको, जबसम्म भ्याट र भन्सारको दरहरु घट्दैन, भन्सारको मूल्यांकनले समस्या हुन्छ। व्यवसायीलाई समस्या हुने उहाँको भनाइ थियो। व्यवसायीलाई सधै डर त्रास हुनु भएन भन्नुहुँदै कर तिर्न वाध्य पार्ने होइन खुसीले तिर्ने वातावरणको सिर्जना हुनुपर्ने भनाइ राख्नुभयो।

नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधि श्री कृष्णमान श्रेष्ठले व्यवसायीहरुको लागि महानिर्देशक श्री चुडामणि शर्माको कार्यकाल स्वर्णीम समय भएको बताउनुभयो। भूकम्प र सीमानामा देखिएको असहज परिस्थितिका वावजुद पनि लक्ष्यभन्दा बढी राजस्व हासिल गरेर कर प्रशासन व्यवसायीमैत्री भएको उहाँको भनाइ थियो। व्यवसायीलाई कर तिरेको आधारमा भरण पोषणको व्यवस्था हुन पर्ने बताउनुहुँदै पुनर्जीवन जिउने व्यवस्था मिलाइदिन माग गर्नुभयो। करको दायरा बढाउन निजी क्षेत्र र आन्तरिक राजस्व विभागले सहकार्य गर्नुपर्ने उहाँको भनाइ थियो। कर प्रशासनसँगको सहकार्यमा करदाता शिक्षालाई प्रभावकारी बनाउनु पर्ने बताउनुहुँदै नीतिगत सुधार समेत गर्न सकिने उहाँको भनाइ थियो। संघीयतामा जाँदा तीन प्रदेशमा तिर्नु पर्ने कर द्विअर्थी लाग्ने हुन नहुने उहाँको भनाइ थियो।



कार्यक्रममा सहभागी उद्यमी व्यवसायीहरु

# कर दिवसका अवसरमा अपांग पुनर्स्थापना केन्द्रलाई १ लाख ३५ हजार सहयोग



अपांग पुनर्स्थापना केन्द्रमा आयोजित कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं। पांचौ राष्ट्रिय कर दिवस २०७३ को अवसरमा करदाता सेवा कार्यालय नयाँ सडकको आयोजनामा मंसिर ५ गते गोकर्णेश्वर ९, काठमाडौंस्थित अपांग पुनर्स्थापना केन्द्रमा रहेका बालबालिकालाई सहयोग स्वरुप नगद रकम प्रदान गरिएको छ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा महानिर्देशक शर्माले व्यक्तिगत तर्फबाट १० हजार रुपैया सहयोग गर्नु भएको थियो भने नेपाल हिमालय सीमापार वाणिज्य संघ, एकता व्यापार संघ, रञ्जना व्यापार संघ, काठमाडौं मल व्यापार संघ, राष्ट्रिय व्यापार संघ, खिचापोखरी न्यूरोड व्यापार संघ, विशाल बजार व्यापार संघ, पशुपति प्लाजा व्यापार संघ, नेपाल व्यापार संघ, मोबाइल व्यापार संघ ताम्राकार कम्पलेक्स र कर सहयोगी श्रमिक संगठन नेपाल काठमाडौं जिल्ला कमिटीको तर्फबाट १ लाख २५ हजार रकम प्रदान गरिएको थियो।

कार्यक्रममा महानिर्देशक शर्माले पाँचौ राष्ट्रिय कर दिवस २०७३ मनाइ रहँदा मानवीय संवेदनालाई हेरेर ११ वटा व्यवसायी संगठनको संयोजनबाट अपांग बालबालिकालाई रकम प्रदान गरिएकोमा सहयोग गर्ने हात अगाडि बढाइ रहनुस् भन्नुहुँदै हार्दिक आभार प्रकट गर्नुभयो।

करदाता सेवा कार्यालय न्यूरोडका प्रमुख कर अधिकृत श्री मुक्तिराम आचार्यले बालबालिकाहरुको शिक्षा दिक्षामा सहयोग पुगोस् भनेर केही रकम सहयोग गरेको बताउनुभयो। उहाँले संस्थाले बालबालिकको उज्जल भविष्य निर्माण गर्ने कार्यमा धेरै भन्दा धेरै सहयोग गरोस् भन्ने अपेक्षा पनि राख्नु भएको थियो।

जुत्ता व्यवसायी महासंघका अध्यक्ष तथा हस्तकला संघका उपाध्यक्ष, डिएफडिएल हिलका उत्पादकले बालबालिकालाई ५५ जोर जुत्ता उपलब्ध गराउने घोषणा समेत गर्नु भएको थियो।

राष्ट्रिय व्यापार संघका अध्यक्ष श्री नैनबहादुर पण्डित क्षेत्रीले न्यूरोड क्षेत्रमा व्यापार गर्ने व्यवसायीहरुले कर दिवसका अवसरमा अपांग बालबालिकालाई सहयोग गरौं भनेर व्यवसायीहरुबाट १ लाख २५ हजार सहयोग गरेको बताउनुभयो।

अपांग पुनर्स्थापना केन्द्रका संचालक श्री कृपा शेर्पाले ५५ जना बालबालिकालाई गास बासको व्यवस्था भइरहेको बताउनुहुँदै काठमाडौंको नयाँ पाटीमा अपांगमैत्री स्कुल स्थापना गर्ने कार्य भइरहेको जानकारी दिनुहुँदै सहयोगले आफूहरुमा हौसला बढेको बताउनुभयो।


अपांग बालबालिकाहरुसंग सामूहिक तस्वीर खिचाउनुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा र उद्यमी व्यवसायीहरु

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौंको

मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

# कर नीति तथा करदाताको दायित्व सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न




करदाता सेवा कार्यालय नयां सडकद्वारा आयोजित कार्यक्रममा उद्यमी व्यवसायीसंग महानिर्देशक श्री चुडामणि शर्मा

काठमाडौं । पाँचौ राष्ट्रिय कर दिवस २०७३ को अवसरमा करदाता सेवा कार्यालय नयाँ सडकको आयोजनामा, मारवाडी सेवा समितिको कार्यालयमा न्यूरोड क्षेत्रमा व्यवसाय गर्ने व्यवसायीहरुबीच मंसिर ५ गते कर नीति तथा करदाताको दायित्व सम्बन्धी अन्तर्क्रिया सम्पन्न भएको छ ।

कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले कर नीतिका विषयमा दर घटाउदै जाने र दायरा विस्तार गर्दै जाने बताउनुभयो। नयाँ नयाँ क्षेत्रको पहिचान गर्दै चुहावट नियन्त्रण गर्नुपर्ने बताउनुहुँदै दातामैत्री (करदाता) कर प्रशासनका कानुनहरु, कार्यविधिहरु सरल बनाउने, मुलुक संघीय संरचनामा प्रवेश गर्नै लागेको बेला दोहोरो करबाट मुक्ति दिलाउने प्रयासमा लागि परेको जानकारी दिनुभयो । उहाँले प्रचलित कानुनको परिपालना गर्न निर्देशन दिनुहुँदै कानुनको यदि कसैले अवज्ञा गर्छ भने दण्ड जरिवानाले नछाड्ने बताउनुभयो। विल विजक लिने दिने कार्य प्रभावकारी नभएकोमा विभागले अनुगमन गर्ने बताउनुभयो । उहाँले आन्तरिक स्रोत परिचालनलाई बढाउन र विधिको पूर्ण परिपालना गर्न पनि निर्देशन दिनुभयो । व्यापारिक कारोवारको पारदर्शी अभिलेख राख्न निर्देशन दिनुहुँदै मिस म्याच कर प्रशासनका कारण नभई व्यवसायी आफ्नै कारणले पर्ने जानकारी गराउनुभयो । उहाँले जति सुकै छल गरे पनि इश्वरलाई र आत्मालाई छल्न नसकिने समेत बताउनुभयो। गौरवका साथ करमा योगदान दिन निर्देशन दिनुहुँदै आफ्नो बलबुद्धि लगाएर व्यवसाय विस्तार गर्न पनि आग्रह गर्नुभयो।

महानिर्देशक शर्माले कर प्रशासन र व्यवसायीहरुको अभिभावकको रुपमा आफू रहेको बताउनुहुँदै समस्या भए लिएर आउन पनि निर्देशन दिनुभयो । व्यवसायीले सक्षम हुँदा राज्यलाई धेरै कर तिर्ने तर असक्तको अवस्थामा सामाजिक सुरक्षा अन्तर्गत राज्यले के गर्न सक्छ भनेर अध्ययन भइरहेको समेत जानकारी दिनुभयो। न्यूरोड क्षेत्रका कम्प्लेक्स संचालकहरुले व्यवसायीलाई स्पेश उपलब्ध गराउनु अघि प्यान नम्बर लिएकासँग मात्र सम्झौता गर्न समेत उहाँले आग्रह गर्नुभयो। शर्माले कर शिक्षालाई प्रभावकारी बनाउन कक्षा ८ देखि १२ सम्मका पाठ्यक्रममा कर शिक्षा समावेश गर्न लागिएको र त्यसका लागि समन्वय भइरहेको समेत खुलासा गर्नुभयो।

करदाता सेवा कार्यालय नयाँ सडकका प्रमुख कर अधिकृत श्री मुक्तिराम आचार्यले आन्तरिक राजस्व विभागले सार्वजनिक गरेको मोबाइल एप्स र एसएमएस सेवाका वारेमा करदाताहरुलाई प्रष्ट पार्नु भएको थियो। उहाँले करदाताहरुलाई आफ्नो प्यान नम्बरमा सही विवरण अद्यावधिक गर्न समेत निर्देशन दिनुभयो । आफ्नो प्यान नम्बरमा उल्लेख भएको नम्बरलाई मात्र मोबाइल एप र एसएमएसको माध्यमबाट जानकारी उपलब्ध गराउने बताउनुभयो। श्री आचार्यले करदाताको अपेक्षा अनुसार कर प्रशासनलाई सुधार गर्दै लैजाने समेत बताउनु भयो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## मोबाइल एप सेवा संचालन सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले ब्लमचयष्म एबितायक मा आधारित मोबाइल एप संचालनमा ल्याएको छ। उक्त एसपको नाम IRD Nepal रहेको छ र Google play store मा गई एप डाउनलोड गरी प्रयोग गर्न सकिन्छ। मोबाइल एपमा विभागको सूचना, प्रकाशन, ऐन नियम, कर क्याल्कुलेटर, सम्पर्क लगायतका विवरण उपलब्ध हुनुका साथै तपशील बमोजिमका सेवाहरु प्राप्त गर्न सकिन्छ।

| S. No. | Service | Response | Remarks |
|---|---|---|---|
| 1 | Registration Details (PAN) | Basic PAN Details. | Publicly Available |
| 2 | Estimate Return Status (Fiscal Year, Period) | Status of estimated return. | From Taxpayer Login |
| 3 | IT Return Status(Fiscal Year) | Status of IT Return of that fiscal year. | |
| 4 | VAT Return Status(Fiscal Year, Period) | Status of VAT return of that filling period. | |
| 5 | Excise Return Status (Fiscal Year, Period) | Status of Excise return of that filling period. | |
| 6 | Voucher Search(Voucher No, Fiscal Year) | Voucher details. | |
| 7 | Arrear | Remaining outstanding of taxpayer under VAT, IT and Excise. | |
| 8 | TDS Details | Witholdee TDS details. | From TDS Witholdee Login |
| 9 | Push Message | Tax Return Reminder Notification | Publicly Available |

# लज तथा रेस्टुराँ व्यवसायी संघसँग अन्तर्क्रिया सम्पन्न

काठमाडौं । करदाता सेवा कार्यालय, पुतली सडकको आयोजनामा लज तथा रेस्टुराँ व्यवसायी संघसँग अन्तर्क्रिया कार्यक्रम मंसिर ५ गते सम्पन्न भएको छ ।

कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले कुनै पनि करदातालाई व्यवसाय गर्नु अघि सिकाउनु नपर्ने, लोन झिक्न सिक्न नपर्ने जब कर तिर्ने समय आउँछ त्यति बेला मलाई थाहा भएन भन्ने प्रवृत्ति रहेको बताउनुभयो । केन्द्र विन्दुमा आफूलाई राखेर चिनौं भन्नुहुँदै आफूले के गरिरहेको छ, के गर्न हुन्छ, के गर्न हुँदैन, हितकारी के हो ? दण्डकारी के हो आफूलाई चिन्न जरुरी रहेको बताउनुभयो । उहाँले ऐन, कानुन, विधि, प्रकृया थाहा पाएर मात्र व्यवसाय शुरु गर्न पनि आग्रह गर्नु भयो । आफूले सम्मान खोज्ने हो भने अरुलाई पनि सम्मान गर्न जान्नुपर्ने उहाँको भनाइ थियो । कसैले गल्ती गरेको खण्डमा सुधिने अवसर दिनुपर्छ, सिध्याउनु हुँदैन भन्नुहुँदै पश्चाताप गर्ने अवसर दिनुपर्ने उहाँको भनाइ थियो । कर नतिरेर जम्मा गरेको अवैध सम्पत्ति, सम्पत्ति सुद्धिकरणले खोज्ने हुँदा कर तिरेर सम्पत्तिलाई वैधानिक बनाउन पनि उहाँले आग्रह गर्नुभयो ।

## माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीबाट आन्तरिक राजस्व कार्यालय, तुल्सीपुरको निरीक्षण

माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णवहादुर महराबाट कार्तिक २७ गते आन्तरिक राजस्व कार्यालय तुल्सीपुरको कार्यालय निरीक्षण सम्पन्न भयो । कार्यालय निरीक्षणको क्रममा उहांले हालसम्म कार्यालयले राजस्व संकलनमा गरेको प्रगतिको लागि धन्यवाद दिनुभयो । कार्यालयको सरसफाई एवं करदाता सेवा प्रवाहको लागि निजी क्षेत्रको समेत सहयोगमा संचालित सहायता कक्षको प्रशंशा गर्नु भयो । कार्यालयलाई प्राप्त राजस्व संकलनको वार्षिक लक्ष्य भन्दावढि राजस्व संकलन गर्न, करदातालाई सहज र सरल रुपमा करदाता मैत्री भै सेवा प्रवाह गर्न र राप्ती अञ्चलका सम्पूर्ण जिल्लाहरु एवं व्यावसायिक स्थानहरुमा करदाता शिक्षा कार्यक्रम संचालन गर्न निर्देशन दिनु भएको थियो । उक्त अवसरमा कार्यालयका प्रमुख कर अधिकृत श्री बाबुराम गौतमले कार्यालयको प्रगति विवरण र वार्षिक कार्ययोजना प्रस्तुत गर्नु भएको थियो । उक्त निरीक्षण कार्यक्रममा दाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री दिपक काफ्लेको समेत सहभागीता रहेको थियो ।





करदाता सेवा कार्यालय पुतलीसडकद्वारा आयोजित कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा

शर्माले कर अधिकृतहरु सर्वेक्षकको रुपमा आउन लागेको बताउनुहुँदै पारदर्शी व्यवसाय गर्न समेत निर्देशन दिनुभयो । नेपालको कर प्रशासन स्वयं कर प्रणालीमा आधारित रहेकोले राज्यले संकलन व्यवस्थापन मात्र गर्ने उहाँको भनाई थियो । व्यवसायीले जति बढी करमा योगदान गर्न सक्यो त्यति राष्ट्र समृद्ध बन्दै जाने बताउनुहुँदै संकलित राजस्व जनहित र राष्ट्रहितमा प्रयोग हुनुपर्छ भन्ने उहाँको भनाइ थियो ।

करदाता सेवा कार्यालय पुतली सडकका प्रमुख कर अधिकृत श्री लिलाप्रसाद शर्माले आम्दानी र खर्चको हिसाव चुस्त दुरुस्त राख्न आग्रह गर्नुहुँदै २० लाख, ५० लाख र ५० लाख भन्दा माथि कारोवार गर्ने करदाताले तिर्नु पर्ने करका विषयमा चर्चा गर्नु भएको थियो । उहाँले कर कानुनको परिपालना नगरेको खण्डमा कर प्रशासनबाट गल्ती भेट्टाएको अवस्थामा व्यवसायीलाई दण्ड र जरिवाना धेरै पर्ने उहाँको भनाइ थियो । उहाँले कारोवारको विषयमा लेखा व्यवसायी र कर सहयोगीहरुले गरेको कामलाई अध्ययन गर्न निर्देशन दिनुहुँदै कागजपत्र ६ वर्षसम्म सुरक्षित राख्न पनि आग्रह गर्नुभयो । शर्माले पुतली सडक क्षेत्रमा अनुगमन गर्दा घरबहाल करमा अत्याधिक रुपमा छली भएको आशंका बढेकाले वहाला वाला र व्यवसायीको वैंक स्टेटेमेन्ट झिकेर अध्ययन गर्ने बताउनुभयो ।

करदाता सेवा कार्यालय पुतली सडकका कर अधिकृत श्री पुन्यप्रसाद रिजालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा अनुमानित आय विवरण, कर चुक्ता, आयकरमा दर्ता भएका करदाता, मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता, अन्तः शुल्कमा दर्ता भएका करदाताले पालना गर्नु पर्ने विषयमा कार्य पत्र प्रस्तुत गर्नु भएको थियो ।

नेपाल गेष्ट हाउस संघ बागवजारका अध्यक्ष श्री यम श्रेष्ठले सानो तिनो लगानीबाट भएपनि रोजगारीको सिर्जना गरेको र राज्यलाई कर मार्फत् योगदान गरिरहेको बताउनुभयो । उहाँले व्यवसायीले कर तिरेकै कारण राज्यको विकास हुने बताउनुहुँदै कर तिर्ने प्रकृयालाई सरलीकृत गर्दै एकल करको व्यवस्था गरिदिन उहाँको अनुरोध थियो ।

# 'कर' सबै कुराको भर

आकृति आचार्य
फ्लोरेसेन्ट हाइयर सेकेन्डरी स्कुल

देश चलाउनका निमित्त सरकारले विभिन्न खालका वित्तीय क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ । देशका जनताहरुको शैक्षिक, आर्थिक, मानसिक, सामाजिक आदि क्षेत्रमा विकास गर्नुका साथै देशको भौतिक अवस्थामा गुणात्मक परिवर्तन ल्याउनका निमित्त पनि सरकारले विशेष योजना बनाउने गर्दछ । प्रशासन सञ्चालन गर्न, जनहितको कार्य गर्न तथा विकास निर्माणका कार्यहरु सम्पादन गर्न सरकारले राजस्व परिचालन गर्ने गर्दछ । राजस्वका स्रोतहरु मध्येको एक महत्वपूर्ण स्रोत हो 'कर' । सामान्यतया : कर भनेको सरकारलाई तिर्नुपर्ने एक किसिमको दायित्व हो, जसबाट जो कसैले उन्मुक्ति पाउँदैन । व्यक्ति वा निकायबाट अनिवार्य रुपमा उठाइने वित्तीय शुल्क अर्थात् करलाई सरकारले करदाताहरुको छुट्टै विशेष किसिमको सुविधाको लागि नभई सम्पूर्ण जनताहरुको सामूहिक हितका लागि खर्च गर्ने गर्दछ ।

कर विकसित संसारमा मात्रै नभएर विकासशील संसारमा पनि राजस्वको प्रमुख र महत्वपूर्ण स्रोतको रुपमा स्थापित भएको छ । कर सरकारको लागि आर्थिक र सामाजिक नीतिको एक दिगो एवं स्थायी औजार हो । यसले सरकारलाई जनताहरुप्रति उत्तरदायी बनाई संघ संगठन, बजार र लोकतन्त्रको निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । सामाजिक न्याय कायम गर्न, क्षेत्रीय असन्तुलन हटाउन, धनी र गरीबबीचको खाडल न्यून गर्न, अनावश्यक वस्तु तथा सेवाको आयात निरुत्साहित गर्न, बेरोजगारी हटाउन, शान्ति सुव्यवस्था गर्न, बेरोजगारी हटाउन, शान्ति सुव्यवस्था कायम गर्न तथा जनहितका कार्यहरु सम्पादन गर्न करले सरकारलाई ठूलो सहायता पुऱ्याउँछ ।

प्रमुखतः करको उद्देश्य भनेको बढ्दो सामाजिक खर्च पूरा गर्न बढीभन्दा बढी राजस्व उठाउनु नै हो । ऋण परिचालनमा जस्तो कर परिचालनमा सरकारलाई थप व्ययभार नहुने हुँदा यसले अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन मद्दत पुऱ्याउँछ । जनताको अर्थतन्त्रलाई नियमन गर्नका निमित्त पनि करकै आवश्यकता पर्दछ । करले जनताको स्वास्थ्य तथा अर्थतन्त्रलाई प्रतिकूल प्रभाव पार्ने वस्तु तथा सेवाहरुको आयात तथा उपभोगलाई निरुत्साहित गर्दछ ।

मुलुकमा उच्च आर्थिक वृद्धि, स्थायित्व र कुशलता कायम गर्न करले मद्दत पुऱ्याउँछ । मन्दीको बेलामा न्यून दरले कर लगाइन्छ भने मूल्य चाप बढिरहेको अवस्थामा उच्च करका दरहरु मार्फत् मूल्य नियन्त्रणमा सहयोग पुग्दछ ।

सरकारबाट उठाइएको कर विभिन्न जनकल्याणकारी कार्यहरु सम्पादन गर्नको निम्ति खर्च गर्ने गरिन्छ । यसरी सीमित वर्गबाट उठाइएको करको विवरण समुदायमा साझा हितका लागि गरिन्छ । यस प्रकार, सार्वजनिक हितका लागि सम्पत्ति पुनर्वितरण गर्ने काम करले गर्दछ ।

रुवान्डा राजस्व अख्तियारले संरचना र प्रशिक्षणलाई बलियो बनाउन अनि स्थानीय सरकारसँग प्रबल सम्बन्ध राख्नका निमित्त थुप्रै परिवर्तनहरु ल्याएको थियो । फलस्वरुप, सन् १९९८ मा कूल ग्राहस्थ उत्पादन (जीडीपी) ९ प्रतिशत थियो भने २०१५ सालमा त्यो १५ प्रतिशत भई घरेलु राजस्व वृद्धि भएको थियो जसमा अफ्रिका राम्रो प्रदर्शन गर्ने राष्ट्रको रुपमा प्रख्यात छ ।

गरिब तथा विकासोन्मुख राष्ट्रहरुमा बेरोजगारी एक ठूलो समस्याको रुपमा रहेको छ । 'इन्स्टिच्यूट अफ डेभलपमेन्ट स्टडिज' को अनुसार २.२ लाख कूल जनसंख्याको १० प्रतिशत नेपालीहरु बाहिरी देशमा काम गर्छन् । सरकारले बढी रोजगारी प्रदान गर्ने उद्योग धन्दाहरुलाई करको माध्यमबाट प्रोत्साहन दिई बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न सक्दछ । सरकारले स्थानीय कच्चा पदार्थ तथा श्रम प्रयोग गर्ने उद्योगहरुलाई उपयुक्त करको माध्यमबाट आकर्षण गर्न सक्दछ । यस प्रकार, औद्योगिक उत्पादन हुनुका साथै देशमा रोजगारीको थुप्रै अवसरहरु सिर्जना पनि हुन सक्दछन् ।

विकासोन्मुख राष्ट्रहरुको प्रमुख समस्या क्षेत्रीय असन्तुलन पनि हो जसलाई हटाउन कर सहुलियत र छुट व्यवस्थाको माध्यमबाट मुलुकका दुर्गम तथा पिछडिएका क्षेत्रहरुमा उद्योग स्थापना गर्न प्रोत्साहन दिन सक्दछ ।

उच्च कर राजस्वले विद्यालय, अस्पताल, प्रहरी बल, सामाजिक सुरक्षा आदि सार्वजनिक सेवाहरुको व्यापक दायरालाई लगानी र उद्धार गर्न राज्य सक्षम छ भन्ने अर्थ राख्नुपर्छ । यसका अतिरिक्त २०३० एजेन्डाको भागको रुपमा स्थापित भएको १७ दिगो लक्ष्यलाई वित्तीय लगानीको ठूलो रकम आवश्यक पर्दछ । यसै लक्ष्यलाई पूरा गर्नका निमित्त विकाशशील राष्ट्रहरुको कर राजस्व उठाएर योगदान पुऱ्याउन सक्दछन् ।

उच्च आय कर भएका राष्ट्रहरु मध्ये डेनमार्कमा सबैभन्दा धेरै (४७ प्रतिशत) कर र जीडीपीको अनुपात रहेको छ भने कुवेतमा सबैभन्दा थोरै (०.८) प्रतिशत रहेको छ ।

विकासोन्मुख राष्ट्र 'नेपाल' लाई आफ्नो देशमा उठाएको आयले विकास तथा अन्य अरु कार्यहरुमा कनिका छरे जति पनि काम नगर्ने भएकाले यसले हालसम्म वैदेशिक सहायताकै भरमा परिरहनु परेको छ । नेपाललाई गरीव देश भएको हेतुले पनि विदेशले भरोसा गरी सहायता पुऱ्याउँदै आएको हो । त्यसकारण, नेपालले करको भरमा देश निर्माणका कार्यहरुस गर्नु परिरहेको छैन साथै करको महत्वको वारेमा सबै नागरिकहरुलाई बुझाउन पनि सकेको छैन । तर देशलाई उन्नतिको मार्गमा डोऱ्याउने प्रमुख स्रोत 'कर' नै भएकाले त्यसलाई व्यापक र व्यवस्थित बनाउँदै कारोवारअनुसार कर संकलन गर्नु आवश्यकता बनेको छ ।

हाम्रो देशको लगभग ८० प्रतिशत स्रोत हामीले तिरेको करको पैसाबाट उठ्दछ । कर तिर्नुपर्ने सुगमतामा नेपाल विश्वव्यापी रुपमा ११४ औं स्थानमा पर्दछ । नेपालको कर राजस्व दक्षिण एशियाभरिमै सबैभन्दा थोरै रहेको छ । आयकर र मूल्य अभिवृद्धि कर लागू गरेको लामो वर्ष वितिसकेको छ । अर्थतन्त्रमा आएको परिवर्तनलाई यसले हालसम्म पनि आत्मसात गर्न सकेको छैन । तर केही वर्ष अघिसम्म जीडीपीमा १०-१२ प्रतिशत मात्र राजस्व उठेकोमा अहिले १८-२० प्रतिशत असुल गरिरहेकोले आशावादी हुनु पर्ने हुन्छ । कर बुझाउँदै गर्दा हामीले सरकारले करदातालाई दिने सुविधा के हो ? उद्योगधन्दाहरु दिनानु


दिन किन बन्द भइरहेका छन् ? भन्नेतर्फ पनि अध्ययन गर्नु आवश्यक हुन्छ । नागरिकमाथि कमभन्दा कम कर नीति अंगालेर आन्तरिक र वाहृय पूजी निर्माणको वातावरण सिर्जना गर्नुपर्छ । जसबाट उद्योगधन्दाहरु विकसित हुन पुग्छन् र धेरैभन्दा धेरै मानिसहरुका लागि रोजगारीको अवसर प्रदान गर्न सकिन्छ । करकै सहायताबाट सेना तथा प्रहरी बल खडा गरी जनताहरुका विभिन्न क्रियाकलापहरुलाई नियन्त्रण गर्न राज्य समर्थ रहन्छ । विदेशी सहयोग र सहायताले भन्दा आफ्नै स्रोत र साधनमा विकास निर्माणका कार्यहरु गर्दा परियोजनाको लागत कम हुनुका साथै प्रत्यक्ष र परोक्ष रुपमा हुने वैदेशिक हस्तक्षेप पनि कम हुन सक्छ भन्ने कुरा बुझ्नु जरुरी छ । यसो गर्नाले सवै कुराको भर बन्न पुगेको 'कर' राष्ट्रमा उपयुक्त तरिकाले विविध क्षेत्रमा उपयोग हुन सक्छ ।

(पाँचौं राष्ट्रिय कर दिवसको अवसरमा आयोजित निवन्ध प्रतियोगितामा प्रथम स्थान हांसिल गर्न सफल निवन्ध)

## १ पेजको बांकी

रु. ३० करोड ५३ लाख ८२ हजार र रु. ४७ करोड ६६ लाख ६९ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १४० प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १३७ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १७४ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १४३ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १४४ प्रतिशत रहेको छ ।

२०७३/७४ मंसिर र मंसिरसम्मको प्रगति




# देश विकासमा कर

रक्षा ज्ञवाली/कक्षा १२, विज्ञान
द टाइम्स इन्टरनेशनल कलेज, डिल्लीबजार, काठमाण्डौ



नेपाली हो जात हाम्रो, नेपाल हो घर,
देश विकास गर्ने जिम्म, सबै हाम्रो भर,
हाम्रो भलो हुनलाई, देश बन्नु पर्छ,
नियमित कर भए, देशले विकास गर्छ ।

अरू देशमा जनताले, आफैं कर तिर्छन्,
हाम्रो देशमा नतिर्नलाई बांगो बाटो हेर्छन्,
आफ्नो भलो जगत भलो, कहिल्यै सोच्नु हुन्न
देशकै भलो भए मात्र अभावले छुन्न । ।

कर छली गर्न सके, गर्व ठान्ने जन,
जन्मभूमी हेला गर्ने, कस्तो पापी मन,
झुक्याएर खुसी हुन्छौ, आज सुखी हुन,
भविष्यमा पर्छ हेर, पछुताई रून । ।

दुई चार पैसा कमाएर बस्ने माटो हेला,
शुद्ध आत्मा बनाई हेर, पर्लाउ आफ्नै फेला,
अरू जहाँ जे भएनि, आफ्नै स्वार्थ हेर्ने,
अब भन हाम्रो देशले, रूप कैले फेर्ने ।

बिन्दू विन्दू मिलिकन, सिन्धु बने जस्तै,
थोरै थोरै सबले दिए, हुन्छ मस्तै मस्तै,
हिंड्ने बाटो, खानेपानी, सेवा र सुविधा,
चाहिने हामी जनतालाई, किन भो दुविधा ?

जन्म दिने कर्म दिने, नेपाल आमा हाम्रो,
सक्षम आमा भए मात्र सन्तान हुन्छन् राम्रो,
अपांगलाई राहत मिल्छ, वृद्ध भए भत्ता,
चाहिने हाम्रो सुरक्षामा प्रहरीको जत्था । ।

अरू कति खोज्छौ हामी कर्तव्य हो के हाम्रो,
सक्दो सहयोग गरौं देशप्रति राम्रो
असल शिक्षा दिने गुरूलाई कसो गर्ने
भोका नांगा गरिबको पेट के ले भर्ने ॥

पक्कै पनि त्यसमा हाम्रो दायित्व त हुन्छ,
चौतर्फी यी समाधान करले नै हुन्छ ,
धर्म गर्न मठमन्दिर धाउने किन सोंचौ,
आजै देखि विकासको राजपथमा हिंडौ । ।

सके सक्दो सहयोग गर, देशलाई विकास गर्न,
जति धन कमाए नि, पर्छ एकदिन मर्न,
आफ्नो लागि जोडेको धनले आफ्नै भलो गर्लाा,
देशलाई रूवाउने मानव त नरकैमा पर्ला । ।

कर तिर्ने कर्तव्य हो, हामी जनताको,
विकासको मूल ल्याउने जिम्मा सरकारको,
यस्तो धनको दुरूपयोग जहाँबाट हुन्छ,
पक्कै पनि त्यसले हाम्रो अधोगति हुन्छ ।

अरू देशका जनताले कर धेरै तिर्छन्,
त्यसैले त उनीहरू विकासमा फिर्छन्,
कर तिर्ने प्रक्रियालाई, अझै सरल गर,
हिमाल पहाड तराईबाट, थुप्रै उठ्छ कर,

सबैलाई खवरदार भ्रष्टाचार बन्द
जनताहरू बुझ्दै छन् अब मन्द मन्द,
अधिकारसँग संगै कर्तव्य नि जानौं ,
कर तिर्नु दायित्व हो, मनै देखि मानौं । ।

प्रकृतिको वरदान हो, सार्वेच्च छ शीर,
कर तिर्दा देश उठ्छ, उठ्छ हाम्रो शीर
नङ र मासु सम्बन्ध हो, विकास र कर,
समृद्धि र उन्नतिलाई फिजाउँ संसार भर । ।

(पाँचौं राष्ट्रिय कर दिवसको अवसरमा आयोजित कविता प्रतियोगितामा प्रथम स्थान हांसिल गर्न सफल कविता)

# पाँचौ राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७३

## आन्तरिक राजस्व कार्यालय भक्तपुर

गौरबका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर भन्ने मूल नाराको साथ पांचौ राष्ट्रिय कर दिवस २०७३ को अवसरमा आन्तरिक राजस्व कार्यालय, भक्तपुरले आफ्नो कार्यक्षेत्र अर्न्तगतका भक्तपुर, काभ्रेपलान्चोक, दोलखा र रामेछाप जिल्लाहरुमा सम्बन्धित उद्योग बाणिज्य संघहरुको संयोजकत्वमा करदाताहरु माझ विभिन्न कर सम्बन्धी जानकारी मूलक, सचेतनामूलक र करदाता शिक्षा तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

मूल समारोह उदघाटन समारोहमा मंसिर १ गते प्रमुख कर अधिकृतको नेतृत्वमा कार्यालयका सम्पूर्ण कर्मचारीहरु आन्तरिक राजस्व बिभागले आयोजना गरेको प्रभातफेरी कार्यक्रममा तोकिएका कर सम्बन्धी सन्देशमुलक प्लेकार्ड र ब्यानर सहित कार्यक्रममा उपस्थिति भयो । सो कार्यक्रम सम्पन्न भईसकेपछि कार्यालयमा प्रथम सेवा ग्राही




करदातालाई प्रमुख कर अधिकृतको कार्यकक्षमा सम्मान गरियो ।

आन्तरिक राजस्व कार्यालय, भक्तपुरको आयोजनामा कर दिवस २०७३ को सन्दर्भ पारी मंसिर २ गते कार्यालय प्रांगणमा भक्तपुर उद्योग बाणिज्य संघ, बस्तुगत संघ संस्थाहरु, करदाताहरु, जिल्लामा कार्यरत लेखापरीक्षकहरु, कर सहयोगी लगायतको बृहत उपस्थितिमा एक दिने करदाता शिक्षा र अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरियो । कार्यक्रमको अध्यक्षता प्रमुख कर अधिकृत श्री चन्द्रकुमार श्रेष्ठबाट गरिएको थियो भने कार्यक्रमको प्रमुख अतिथि भक्तपुर उद्योग बाणिज्य संघ भक्तपुरका अध्यक्ष श्री के.पी. अवालेबाट भएको थियो । कार्यक्रमका प्रमुख अतिथि उद्योग बाणिज्य संघ भक्तपुरका अध्यक्षले आन्तरिक राजस्व कार्यालय भक्तपुरले कर दिवसको अवसरमा आयोजना गरेको करदाता शिक्षा कार्यक्रमले करदातालाई लाभ पुगेको बिषय उल्लेख गर्दै भविष्यमा यस्ता कार्यक्रम सम्पूर्ण बस्तुगत संघ संस्थासम्म पु्याउनु पर्ने उल्लेख गर्नुभयो । कर प्रशासन दिन प्रतिदिन करदाता मैत्री बन्दै गएको, बिद्युतीय माध्यमबाट करदातालाई करका बिवरण र कर तिर्न सजिलो भएको हुँदा सरकारलाई कर राजस्व बढी उठाउन योगदान पुग्ने तर्क राख्नुभयो ।

कार्यपत्र प्रस्तुत गर्नुहुदै कर अधिकृत श्री ध्रुबराज शर्माले आर्थिक ऐन, २०७३ ले ब्यवस्था गरेको कर सम्बन्धी प्रावधान प्रचलित आयकर, मु.अ.कर, अन्तःशुल्क, शिक्षा सेवा र स्वास्थ्य सेवा करका बिषयमा जानकारी दिनुभएको थियो । कार्यक्रममा सम्बोधन गर्दै प्रमुख कर अधिकृत श्री चन्द्रकुमार श्रेष्ठले आन्तरिक राजस्व बिभागले राष्ट्रिय कर दिवस मनाउने गरेको ऐतिहासिक सन्दर्भको चर्चा गर्दै कार्यालयले प्रदान गर्ने सेवा दिन प्रतिदिन सहज हुँदै गएको, कार्यालयले बिभागबाट निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गरेको हुदां करदाताको योगदानको प्रशंसा र कदर गर्नुभएको थियो । पांचौ राष्ट्रिय कर दिवसको अवसर पारेर कार्यालयको अग्रभागमा एउटा नयाँ करदाता सहायता कक्ष (HELP DESK) निर्माणमा ल्याई संचालनमा ल्याएको छ । उक्त हेल्प डेस्कमा कार्यालयले एक स्थायी कर्मचारीलाई पूर्णकालीन रुपमा अबिछिन्न करदाताको सेवामा खटाएकोले करदाताका समस्याहरुको समाधान हुनाका साथै समयको बचत हुने देखिएको छ ।

मंसिर ३ गते आन्तरिक राजस्व कार्यालय भक्तपुर र करदाता सेवा कार्यालय धुलीखेलको संयुक्त आयोजनामा तथा उद्योग बाणिज्य संघ काभ्रेपलान्चोकको संयोजनमा एक दिने अर्न्तक्रिया तथा करदाता शिक्षा कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा समसामयिक कर प्रशासन तथा चालु बर्ष २०७३/७४ को लागि आर्थिक ऐनले प्रबन्ध गरेको बिषयहरुमा कार्यालयका तर्फबाट कर अधिकृत घनश्याम सुबेदीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा करदाताहरुको उत्साहजनक र उत्सुकता सहितको सहभागिताले अन्तर्क्रिया तथा प्रश्नोत्तर कार्यक्रम लाभप्रद रहेको थियो । कार्यक्रममा उद्योग बाणिज्य संघ काभ्रेका अध्यक्ष श्री सुरकृष्ण बैद्यले कर दिवसले करदातालाई कर तिर्न जागरुक बनाएको, कर तिर्ने भावना बढ्दै जानुका साथै आफूले आय आर्जन गरेको नाफाबाट कर तिर्नुपर्ने जागरण करदातामा भै रहेको कुरा ब्यक्त गर्नुभयो । साथै उहांले काभ्रेपलान्चोक उद्योग बाणिज्य संघले न्यून बिजकीकरणबाट आयातित तथा स्वदेशमा उत्पादित मालबस्तु खरिद नगर्ने बिगत देखि नै पत्रपत्रिकामार्फत सार्वजनिकीकरण गरिसकेको र भबिष्यमा समेत ब्यापार ब्यवसायमा उक्त कार्यलाई निरुत्साहन गरिने जानकारी समेत गराउनुभएको थियो ।



करदाता सेवा कार्यालय धुलीखेलबाट सम्पूर्ण कामकाज सम्पादन नहुने, कर्मचारी अभाव तथा बिद्युत र इन्टरनेटको अबिछिन्न प्रवाह नहुंदा करदाताले समयमा सेवा लिन नसकेको बिषय उल्लेख गर्दै आन्तरिक राजस्व प्रशासन समक्ष उक्त समस्याहरुको शीघ्र समाधानको अपेक्षा समेत गर्नुभएको थियो । कार्यक्रममा प्रमुख कर अधिकृत श्री चन्द्रकुमार श्रेष्ठले उक्त कार्यक्रममा उठेको प्रश्नहरुको जवाफ दिनुहुदैं उद्योग बाणिज्य संघले न्यून बिजकीकरणलाई निषेध गर्ने गरी करदाताहरुलाई आव्हान गरी उदाहरणीय कार्य गरेको, करको दायरा बिस्तारमा महत्वपूर्ण भूमिका खेलेको बिषयमा चर्चा गर्दै भबिष्यमा आन्तरिक राजस्व कार्यालयले करको दायरा बिस्तार र राजस्व असुलीमा अझै बढी अपेक्षा राखेको बताउनुभयो । करदाता सेवा कार्यालय धुलीखेलले प्रदान गर्ने सेवामा प्रभावकारिता र अझै गुणस्तरियता बृद्धि गर्न आफ्नो भरमग्दूर प्रयास रहने बचनबद्धता समेत उहांले ब्यक्त गर्नुभएको थियो ।

मंसिर ५ गते आन्तरिक राजस्व कार्यालय भक्तपुर र उद्योग बाणिज्य संघ दोलखाको आयोजनामा दोलखा जिल्ला उद्योग बाणिज्य संघको सभाहलमा उक्त जिल्लाका करदाताहरु मांझ करदाता शिक्षा र अन्तर्क्रिया कार्यक्रम

सम्पन्न भयो । उ.बा.संघ दोलखाले सहजीकरण गरेको उक्त कार्यक्रममा कार्यलयको तर्फबाट कर अधिकृत घनश्याम सुबेदीले कार्यक्रमको महत्वको बारेमा जानकारीका साथ संक्षिप्त कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रमको अध्यक्षता गर्दै दो.उ.बा.संघ का अध्यक्ष श्री सुन्दर कार्कीले आन्तरिक राजस्व कार्यालय भक्तपुरले कर दिवस सन्दर्भ तथा अन्य समयमा समेत जिल्ला जिल्लामा आएर करदातालाई बर्तमान कर प्रणालीका सन्दर्भमा शिक्षा प्रदान गरिरहेकोले करदातामा कर सम्बन्धी चेतनाको अभिवृद्धि भएको, करको दायरा बढेको लगायतका विषयका प्रशंसा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उहांले दोलखा जिल्ला भूगोलको हिसाबमा कर कार्यालयबाट टाढा रहेकोले करदाताहरुले ब्यवसाय दर्ता गर्न, कर तिर्न लागत बढेको दुखेसो ब्यक्त गर्दै दोलखा जिल्लामा करदाता सेवा कार्यालय स्थापना गर्नुपर्ने माग राख्दै कमसेकम कार्यालयबाट स्थायी लेखा नंबर दर्ता गर्ने, आय बिवरण र कर बुझ्नको लागि बर्षमा एक हप्ता घुम्ती शिविर सञ्चालन गर्नुपर्ने अपेक्षा प्रकट गर्नुभयो । कार्यक्रममा उठेका जिज्ञासाहरुको सम्बोधन गर्नुहुदैं कार्यालयका तर्फबाट प्रमुख कर अधिकृत श्री चन्द्रकुमार श्रेष्ठले करदातालाई करको दायरामा आउन तथा कर दाखिला गर्नको लागि परेको अप्ठ्यारोको कार्यालयले महसुश गरेकोले क.से.का स्थापना गर्ने बिषयमा पहल गरिने र करदाताको सुबिधालाई मध्यनजर गर्दै घुम्ती सेवा प्रदान गरिने बचनबद्धता ब्यक्त गर्नुभएको थियो ।

मंसिर ६ गते आन्तरिक राजस्व कार्यालय भक्तपुर र उद्योग बाणिज्य संघ रामेछापको संयुक्त सहकार्यमा रामेछापको मन्थलीमा रहेको जि.बि.स सभाहलमा एक दिने कर सम्बन्धी अर्न्तक्रिया सम्पन्न भयो । मन्थली बजारको मदन आश्रित चोकबाट सुरु भएको प्रभातफेरी उद्योगी, ब्यवसायी, उ.बा.संघ मन्थलीका प्रतिनिधि र कार्यालयका प्रमुख कर अधिकृत समेतको टोलीले बजार परीक्रमा गरी कार्यक्रममा परिणत भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता रामेछाप उ.बा.संघका अध्यक्ष श्री श्याम थापाले गर्नुभएको थियो । कार्यक्रममा कार्यालयका कर अधिकृत घनश्याम सुबेदीले कर दिवसको महत्व, करदाताले पालना गर्नुपर्ने कर कानुनका बिषय, चालु आर्थिक बर्षका लागि आर्थिक ऐनले प्रत्याभुत गरेको प्रावधानहरुको चर्चा गर्दै रामेछाप उद्योग बाणिज्य संघले करको दायरा बिस्तार गर्न, करका कानुन पालना गराउन र राजस्व असुली प्रभावकारी बनाउन खेलेको भूमिका उच्च रहेको उल्लेख गर्दै भविष्यमा कार्यालयले अझै उत्कृष्टताको अपेक्षा गरेको बताउनुभयो । उ.बा.संघका अध्यक्षले मन्तब्यको क्रममा आन्तरिक राजस्व कार्यालयले कर जागरण अभियानलाई तीब्रता दिएको तथा करदाता सम्मान गर्न लागेको परीपाटीलाई प्रसंशा गर्दै न्यून बिजकीकरणको समस्याले ब्यवसायीलाई ब्यवसाय गर्न निकै अप्ठ्यारो रहेको, उ.बा.संघले स्थायी लेखा नंवर जारी गर्दै आएकोमा अहिलेको नयां प्रणलीबाट जारी गर्न नसकिएको तथा रमेछापमा करदाता सेवा कार्यालय खोल्नुपर्ने बिषय औल्याउनुभयो । कार्यक्रममा कार्यालयका प्रमुख कर अधिकृत श्री चन्द्रकुमार श्रेष्ठले कार्यक्रममा उठेका प्रश्नमाथि जवाफ दिदैं न्यून बिजकीकरणलाई न्यूनीकरण गर्न आन्तरिक राजस्व बिभाग र कार्यालय लागि रहेको तथा कानुनी प्रावधान समेत रहेको र ब्यवसायीले समेत न्यून बिजकीकरण भएको बस्तुको खरीद कारोबार नगरी न्यून बिजकीकरणलाई निरुत्साहित गर्न आग्रह गर्नुभयो । करदाताको मागलाई ध्यानमा राखी घुम्ती शिविर संचालन गर्ने र नयां प्रणालीबाट स्थायी लेखा नंवर जारी गर्न आन्तरिक राजस्व बिभागमा पहल गर्ने आश्वासन समेत ब्यक्त गर्नुभयो । सोही दिन जिल्लामा अवस्थित सरकारी कार्यालयका लेखा सम्बन्धी कर्मचारीहरुलाई श्रोतमा कर कट्टी गर्ने सूचना प्रणालीमा आधारित प्रविधि (eTDS) सम्बन्धी तालिम कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रशिक्षक श्री घनश्याम सुबेदीबाट प्रदान गरिएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर

पाँचौ राष्ट्रिय कर दिवस २०७३ को अवसरमा मंसिर १ गते कार्यालयको प्रांगणबाट विहान प्लेकार्ड, ब्यानर र पाँचौ राष्ट्रिय कर दिवसको मूल नारा र सहायक नाराहरु रहेको जिगंल सहितको निजामति कर्मचारी, सशस्त्र प्रहरी, नेपाल प्रहरी, निजी क्षेत्र र व्यापारीक संघ संगठनहरुको समेत सहभागिता रहेको र्‍याली निकाली स्थानीय बजारको परिक्रमा गरि कंचनपुर उद्योग वाणिज्य संघको सभाहलमा पुगेर सभामा परिणत गरिएको थियो । करिब ३ सय जना सहभागीहरुको उपस्थिति रहेको उक्त सभामा सभाका अध्यक्ष तथा पाँचौ राष्ट्रिय कर दिवस समन्वय समितिका संयोजक प्रमुख कर अधिकृत श्री शिवादेवी दाहालले कर दिवस तथा कर सम्बन्धी विविध पक्षमा प्रकाश पार्नु भएको थियो ।



यसै गरी अन्य सहभागीहरुले कर दिवस तथा कर सम्बन्धी विषयमा आआफ्नो विचारहरु राख्नुभएको थियो ।

त्यसैसगरी मंसिर ३ गते कार्यालयको कार्य क्षेत्र अर्न्तगत पुर्नवास उद्योग वाणिज्य संघको सभाहलमा घुम्ती सेवा संचालन गरी नया पान नं दर्ता, मदिरा इजाजत नविकरण, आय विवरण बुझ्ने, कर संकलन र करदातासंग अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा मु.अ.करमा दर्ता भएका वा नभएका संस्थाले दाखिला गर्नुपर्ने कर रकम, TDS रकम कट्टा गर्ने तथा राजस्व खातामा दाखिला गर्ने समय, आय विवरण बुझाउने समयको जानकारी गराइएको थियो । त्यसैगरी मंसिर ४ गते कार्यालयको कार्य क्षेत्र अर्न्तगत झलारी पिपलाडी उद्योग वाणिज्य संघको सभाहलमा घुम्ती सेवा संचालन गरी करदातासँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा यस कार्यालयका कर अधिकृतबाट आर्थिक ऐन २०७३ ले गरेका नयाँ व्यवस्थाहरु, कर सम्बन्धि ऐन कानूनका व्यवस्थाका बारेमा जानकारी गराइएको थियो । त्यसैगरी मंसिर ५ गते कंचनपुर जिल्ला स्थित प्याब्सन र एनप्याब्सनसंगको सहकार्यमा श्री लिटिल बुद्ध माध्यमिक विद्यालय कंचनपुरमा "देश विकासमा करको महत्व" भन्ने शिर्षकमा मा.वि. स्तरका विद्यार्थीहरुबीच जिल्ला स्तरीय निवन्ध प्रतियोगिता संचालन गरिएको थियो । मंसिर ६ गते कार्यालयको सभाहलमा एक कार्यक्रमको आयोजना गरि प्रमुख कर अधिकृत श्री शिवादेवी दाहालले पाँचौ राष्ट्रिय कर दिवस तथा कर सप्ताहलाई सफल

बनाउन सहयोग गर्ने करदाता, व्यवसायीक/पेशागत संघ संस्था, गैर सरकारी क्षेत्र, सुरक्षाकर्मी तथा निजामती कर्मचारीहरुलाई धन्यवाद दिई कर दिवस तथा कर सप्ताह समाप्त भएको जनाकारी गराउनु भयो ।




यसै गरी सोहि कार्यक्रममा कार्यालयको कार्यक्षेत्र अन्तर्गत विभिन्न क्षेत्रमा सबैभन्दा बढी कर दाखिला गर्ने १ जना, डडेलधुरा, बैतडी र दार्चुला जिल्लाबाट १/१ जना, बस्तुगत संघ संस्थाबाट ५ जना गरी जम्मा ९ जना करदाताहरुलाई सम्मान गरियो । यसै गरी सोहि कार्यक्रममा निवन्ध प्रतियोगितामा प्रथम, द्बितिय र तृतिय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कार सहित प्रशंशा पत्र प्रदान गरिएको थियो । त्यसैगरी कार्यालयका कर्मचारीहरुमध्ये उत्कृष्ट कार्य गरी कार्य सम्पादनमा योगदान दिने लेखापाल श्री टंकबहादुर कुँवरलाई नगद पुरस्कार सहित प्रसंसा पत्र प्रदान गरिएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, धरान

पाँचौ राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७३ को अवसरसमा मंसिर १ गते सुनसरी उद्योग वाणिज्य संघ धरान लगायत विभिन्न पेशागत संघ संगठनहरुको सहभागितामा प्रभातफेरी कार्यक्रम अन्तर्गत नगर परिक्रमा गरि आन्तरिक राजस्व कार्यालयको प्रांगणमा आई विभिन्न अतिथिहरु मध्ये सुनसरी उद्योग बाणिज्य संघ धरानका अध्यक्ष श्री राजेन्द्र शाह र आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत श्री धर्मेन्द्रकुमार मिश्रले कर दिवसका अवसरमा शुभकामना आदान प्रदान तथा कर दिवसको महत्वबारे आफ्नो




मन्तव्य दिनुभएको थियो । मंसिर २ गते: श्री विरेन्द्र मेमोरियल कलेज वडा नं. १६ धरानमा करदाता शिक्षा कार्यक्रम सम्पन्न गरियो । मंसिर ३ गते श्री सिटि कलेज वडा नं. १२ धरानमा करदाता शिक्षा कार्यक्रम सम्पन्न गरिएको थियो भने मंसिर ५ गते उद्योग बाणिज्य संघ धरानको शाखा कार्यालय महेन्द्रनगर भरौल, प्रकाशपुरको सभाहलमा करिब २०० जना व्यवसायीहरु माझ करदाता शिक्षा कार्यक्रम सम्पन्न गरियो । त्यसैगरी मंसिर ६ गते श्री महेन्द्र बहुमुखी क्याम्पस वडा नं. १० धरानमा करदाता शिक्षा कार्यक्रम सम्पन्न गरियो । त्यसैगरी मंसिर ७ गते आ.ब. २०७१/७२ मा सबैभन्दा बढी कर दाखिला गर्ने करदाताहरुलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो । जसमा मितेरी डेभलवमेन्ट बैंक लि. धरान, काबेली विकास बैंक लि. धनकुटा, एलिसा सप्लायर्स भोजपूर, माउण्ट मकालु डेभलवमेन्ट बैक लि. तेह्रथुम, मकालु बचत तथा ऋण सहकारी संस्था लि. संखुवासभा रहेका छन् । सोही कार्यक्रममा कार्यालयमा कार्यरत कर अधिकृत श्री दोविन्द्र प्रसाद दाहाललाई उत्कृष्ट कर्मचारीको रुपमा नगद सहित सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । साथै आन्तरिक राजस्व कार्यालय धरानको कर प्रणालीमा कर सचेतना एवं कर सहभागिता अभिबृद्धिमा प्रत्यक्ष एवं परोक्ष रुपमा उल्लेखनीय योगदान गर्ने सुनसरी उद्योग वाणिज्य संघ धरानलाई समेत सम्मान पत्र





प्रदान गरियो । कर सप्ताह समापन तथा पुरस्कार वितरण कार्यक्रममा सुनसरी उद्योग बाणिज्य संघ धरानका अध्यक्ष श्री राजेन्द्र शाह, उत्कृष्ट करदाताहरु मध्येबाट मितेरी डेभलवमेन्ट बैंक लि. का कार्यकारी प्रमुख श्री तुलसीप्रसाद वस्तीले कर दिवसको महत्व तथा भावी दिनमा आन्तरिक राजस्व कार्यालयबाट चाहेको अपेक्षा बारे आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने आन्तरिक राजस्व कार्यालय धरानका प्रमुख कर अधिकृत श्री धर्मेन्द्र कुमार मिश्रले सम्मानित करदाताहरुलाई बधाई एवं शुभ–कामना दिदै कर दिवसको महत्वबारे प्रकाश पार्दै कार्यक्रम समापन गर्नु भएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, तुल्सीपुर

आन्तरिक राजस्व कार्यालय तुलसीपुरबाट पांचौ राष्ट्रिय कर दिवस, २०७३ कर सप्ताहको रुपमा भव्यताका साथ मंसिर ७ गते समापन भयो । कर दिवसको अवसरमा मंसिर १ गते राप्ती अन्चलका सम्पूर्ण जिल्ला सदरमुकामहरु र व्यावसायिक स्थानहरुमा ऱ्याली, पर्चा पम्प्लेट, माइकिङका साथ प्रचार प्रसार गर्ने काम भएको थियो । मंसिर २ गतेदेखि ६ गते विद्यालयमा कर शिक्षा कार्यक्रम, दाङ, रोल्पा, प्यूठान, सल्यान र रुकुम जिल्ला सदरमुकाममा उद्योग वाणिज्य संघको हलमा करदाता एवं पेशाकर्मी र व्यवसायिहरु बिचमा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भयो । मंसिर ७ गते समापन कार्यक्रममा माननीय सिचाई मन्त्री श्री दिपक गिरीबाट राप्ती अन्चलबाट उच्च कर सहभागिता जनाउने करदाता एवं कर जागरणमा सहयोग गर्ने






विभिन्न संघ संस्थाहरुलाई सम्मान पत्र वितरण भएको थियो । यस वर्ष आन्तरिक राजस्व कार्यालय दाङमा दर्ता भएका करदाताहरु मध्ये राप्ती अन्चलमा सवै भन्दावढि आयकर दाखिला गर्ने करदाताको रुपमा श्री वेष्ट्न डेभलेपमेन्ट वैक लि., दाङकै अर्का करदाता श्री राप्तीऋण तथा वचत सहकारी संस्था लि.,रुकुम जिल्लावाट श्री मल्ल हार्ड वेयर एन्ड जनरल अर्डर सप्लायर्स, प्यूठान जिल्लावाट श्री न्यू कक्षपति ट्रेडर्स, रोल्पा जिल्लावाट श्री शुभम ट्रेडर्स र सल्यान जिल्लावाट श्री खैरावाङगी पेट्रोलियम पम्प पुरस्कृत भएका थिए । त्यस्तै संघ संस्था अन्तरगत रुकुम उद्योग वाणिज्य संघ, रोल्पा उद्योग वाणिज्य संघ, प्यूठान उद्योग वाणिज्य संघ, सल्यान उद्योग वाणिज्य संघ, तुलसीपुर उद्योग वाणिज्य संघ, दाङ उद्योग वाणिज्य संघ, लमही उद्योग वाणिज्य संघ, नारायणपुर उद्योग वाणिज्य संघ, नेपाल अडिटर्स एशोसिएशन दाङ र तुलसीपुर जेसीजलाई सम्मान पत्र प्रदान गरिएको थियो भने उत्कृष्ट कर्मचारीको रुपमा कर अधिकृत श्री लुटबहादुर बुढाथोकीलाई प्रशंशा पत्र सहित नगद पुरस्कार प्रदान गरिएको थियो । कार्यालय प्रमुख श्री बाबुराम गौतमको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रमुख अतिथि माननीय सिंचाई मन्त्री श्री दिपक गिरी, विशेष अतिथिको रुपमा दाङ जिल्लाका प्र.जि.अ.श्री दिपक काफ्ले लगायत अन्य वस्तुगत संघ संस्थाका प्रतिनिधिहरु, संचारकर्मी र स्थानिय व्यवसायिहरुको सहभागिता रहेको थियो ।

## करदाता सेवा कार्यालय, गाइघाट, उदयपुर

पाचौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७३ को उपलक्ष्यमा मंसिर १ गते विहान ७ बजे देखि ९ बजेसम्म कार्यालयका कर्मचारी, उद्योग वाणिज्य संघका पदाधिकारी, स्थानिय व्यापारी, उद्योगी, निर्माण व्यवसायी, होटल व्यवसायी तथा अन्य करदाताहरु समेतको व्यापक सहभागितामा गाईघाट नगर क्षेत्रका मुख्य मुख्य सडक चोकहरुमा कर सम्बन्धी प्रचारमूलक व्यानर, पम्प्लेट, प्लेकार्ड तथा अडियो सहित कर दिवस अंकित टोपी लगाई प्रभातफेरी गरी बजार परिक्रमा गरिएको थियो । त्यसैगरी कार्यालय परिसरमा उद्योग वाणिज्य संघका पदाधिकारी, व्यापारी, उद्योगी तथा अन्य करदाताहरु समेतको सहभागितामा कर सम्बन्धी गोष्ठी तथा अन्तरर्क्रिया कार्यक्रम सम्पन्न गरियो । कर सप्ताहकै अवसरमा कार्यालय रहेको भवनको मुख्य






गेटमा कर सप्ताह भरी कर दिवस तथा कर सप्ताह उल्लेखित मूल नारा रहेको व्यानर टांगिएको तथा कर दिवसको दिन दिनभर कर सन्बन्धी चेतनामूलक सांगितिक अडियो स्थानिय सिटी सफारीमा राखि बजार परिक्रमा गराईएको थियो ।

## करदाता सेवा कार्यालय, टंगाल

पाचौं राष्ट्रिय कर दिवस २०७३, को उपलक्ष्यमा करदाता सेवा कार्यालय, टंगालबाट विभिन्न दुई कलेजहरुमा कर सम्बन्धी सचेतना कक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिएका थिए । यसै क्रममा २०७३ मंसिर ५ गते, आइतवारका दिन वालुवाटारस्थित Malpi International College, मा वी.वी.ए. (विभिन्न सेमेष्टर) का विद्यार्थीहरु माफ कर अधिकृत श्री अम्बिकाप्रसाद फयलले पाँचौं राष्ट्रिय कर दिवसको सन्दर्भ र नेपालको राजस्व परिचालनको



संरचना, संगठन, नीति/नियमका सम्बन्धमा परिचयात्मक प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा सहभागी विद्यार्थी तथा कलेजका शिक्षक एवं कर्मचारीहरुबाट उठेका प्रश्न तथा जिज्ञासाको उत्तर कर अधिकृत श्री अम्बिकाप्रसाद फयल र प्रमुख कर अधिकृत श्री डिल्लीराज लेखकले दिनुभएको थियो । त्यसैगरी मंसिर ६ गते सोमबारका दिन वालुवाटार स्थित National College for Higher Education का स्नातक तह (विभिन्न संकाय/सेमेष्टरका) विद्यार्थीहरुमाफ राष्ट्रिय कर दिवस, राजस्व परिचालनको आवश्यकता/महत्व, नेपालको राजस्वको स्थिति तथा प्रमुख राजस्व

स्रोतहरुको अवस्था एवं नीति नियमका सम्बन्धमा कर अधिकृत श्री कमला घिमिरले परिचयात्मक प्रस्तुति गर्नुभएको थियो भने कार्यक्रममा विद्यार्थीहरुबाट उठेका प्रश्न तथा जिज्ञासाको जवाफ कर अधिकृत श्री कमला घिमिरे र प्रमुख कर अधिकृत श्री डिल्लीराज लेखकले जवाफ दिनुभई कार्यक्रमको समापन गरिएको थियो ।

## करदाता सेवा कार्यालय, नयाँ वानेश्वर

पाँचौ राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७३ को अवसरमा मंसिर ५ गते नयाँ वानेश्वर क्षेत्रमा कारोवार गर्ने नयाँ वानेश्वर खुद्रा व्यापार व्यवशायी संघका पदाधिकारीहरु र करदाताहरुसंग अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएयो । उक्त कार्यक्रममा नयाँ वानेश्वर व्यापार व्यवसायी






संघका अध्यक्ष श्री हरिवहादुर कार्कीले समग्र व्यवसायीहरुको तर्फवाट व्यवसाय तथा करसंग सम्वन्धित विषयहरु तथा समग्र व्यवसायीहरुका समस्याहरु प्रस्तुत गर्नु भएको थियो । उक्त संघका पदाधिकारीहरुले पनि कर प्रशासन तथा व्यवसायसंग सम्वन्धित विविध विषयमा जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा कर प्रशासनको तर्फवाट प्रमुख कर अधिकृत श्री हरिप्रसाद तिमिल्सिनाले व्यवसाय दर्ता गरेर मात्र कारोवार गर्न, समयमा कर विवरण तथा कर दाखिला गर्न, कारोवारका बखत बिल बिजक लिने दिने र दर्ता नभएका व्यवसायीहरुलाई करको दायरामा ल्याउने कार्यमा सहयोग गर्न संघका पदाधिकारी तथा करदाताहरुलाई आग्रह गर्नु भएको थियो । साथै उहांले कर प्रशासन सदैव करदाताहरुसंग मिलेर करदाताका समस्याहरु समाधान गर्न तत्पर रहेको तथा करदातालाई छिटो छरितो सेवा प्रवाह गरी करदाताको समय र लागत घटाउन प्रयासरत रहेको जानकारी गराउनु भएको थियो । व्यवसायीहरुले करको दायरा बढाउन कर प्रशासनलाई सहयोग गर्ने प्रतिवद्धता समेत उक्त अवसरमा व्यक्त गरेका थिए । त्यसै गरी मंसिर ६ गते कार्यालयको कार्यक्षेत्रमा रहेका सरकारी कार्यालयमा लेखामा कार्यरत कर्मचारीहरुलाई एक दिने स्रोतमा करकट्टि तथा करकट्टिको बिद्युतीय माध्यमवाट विवरण दिने सम्वन्धि सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण कार्यक्रम संचालन गरियो । यस कार्यालयको कार्य क्षेत्र भित्रका सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थिती रहेको उक्त कार्यक्रममा प्रमुख कर अधिकृत श्री हरिप्रसाद तिमिल्सिनाले स्रोतमा कर कट्टीको औचित्य सम्बन्धमा प्रकाश पार्नु भएको थियो भने यस कार्यालयका कम्प्यूटर अधिकृत विनोद रसाईलिले E-Filing प्रकृयाको सम्वन्धमा व्यवहारिक ज्ञान प्रदान गर्नु भएको थियो । कार्यक्रम ज्यादै व्यवहारिक र सान्दर्भिक भएको प्रतिक्रिया समेत कार्यक्रममा उपस्थित सहभागीहरुले जनाएका थिए ।

## करदाता सेवा कार्यालय, चावहिल

पाँचौ राष्ट्रिय कर दिवसको अवसरमा २०७३ मंसिर १ गतेबाट ७ गते सम्म बिबिध कार्यक्रमहरु गरेर कर सप्ताह मनाईयो । आन्तरिक राजस्व विभागद्धारा संचालन गरिएका बिभिन्न कार्यक्रमहरुमा यस कार्यालयको उल्लेखनिय सहभागिता रह्यो । २०७३ कार्तिक २४ गते आन्तरिक राजस्व विभागद्धारा आयोजना भएको हाजिरी जवाफ प्रतियोगितामा यस कार्यालबाट सहभागिता जनाईएको थियो । कर सप्ताहको पहिलो दिन मंसिर १ गते विभागद्धारा आयोजित प्रभातफेरी तथा मूल कार्यक्रममा सहभागी भई यस कार्यालयमा सेवा लिन आएको पहिलो करदाता श्री कविता नेपाल, स्था.ले.नं. 605420683 स्तुपा सप्लायर्सलाई यस कार्यालयमा सम्मानित गरियो । कर सप्ताहमा कार्यालय परिसरमा सरसफाई गरिनुको साथै करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । अन्तरक्रिया कार्यक्रममा यस कार्यालयमा कार्यरत कर्मचारीहरु कार्यालयको कार्यक्षेत्रभित्र पर्ने कपन एरियामा गई बिभिन्न



साना ठूला ब्यबसायहरुको निरिक्षण गर्नुको साथै ब्यबसायीहरुको कर सम्बन्धी जिज्ञासा तथा अस्पष्टताहरुलाई सुल्झाउने प्रयत्न गर्नुभएको थियो । त्यस्तै प्रकारले करदातालाई कर सम्बन्धि बिभिन्न प्रकारका सेवा तथा जानकारी प्रदान गर्ने उद्देश्यले मंसिर ६ गते कपन मदन चोकमा कर शिविर सञ्चालन गरिएको थियो । कर शिविरबाट २६७ करदातालाई विभिन्न प्रकारको कर सम्बन्धि सेवा प्रदान गरिएको थियो । कर सप्ताह अवधिभर कार्यालयको कार्यक्षेत्रभित्र माईकिङ गरी प्रचार प्रसार गरिनुको साथै हल तथा रेडियोमा समेत प्रचार सामाग्री प्रसारण गरिएको थियो ।

## करदाता सेवा कार्यालय, वर्दिवास

पाँचौ राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७३ को अवसरमा करदाता सेवा कार्यालय, बर्दिवासद्वारा कात्तिक २९ गते महोत्तरी जिल्ला, हाथिलेट स्रोत केन्द्र अन्तरगत माध्यमिक विद्यालय स्तरीय निवन्ध लेखन प्रतियोगिताको आयोजना गरियो । देश विकासमा करको योगदान शिर्षक दिईएको उक्त निबन्ध प्रतियोगिता बर्दिवास स्थित यस श्रोत केन्द्रका १६ माध्यमिक विद्यालयबीच आयोजना गरिएको थियो । हरेक विद्यालयबाट एक छात्र

र एक छात्रा उपस्थित उक्त प्रतियोगीताका विजेताहरुलाई मंसिर ५ गते बर्दिवास उद्योग वाणिज्य संघको सभाहलमा आयोजित कार्यक्रमका बीच पुरस्कृत गरिएको थियो । प्रतियोगीतामा प्रथम, द्वितिय, तृतिय र सान्त्वना -दुई जना) लाई जनही रु ३१००, २१००, ११०० र ५०० प्रदान गरीएको






थियो । प्रतियोगीतामा श्री देउराली उच्च मा.वि. का रोजन शंकर प्रथम, श्री जनजागृत मा. वि. का नागेन्द्र कुमार महतो द्वितिय, श्री मा. वि. की रोशिका पौडेल तृतीय, श्री सनसाईन सेकेण्डरी बोर्डीङ स्कुलकी युनिशा खड्का तथा श्री सेन्ट्रल प्वाईन्ट एकेडेमीका रामकुमार सिंहले सान्त्वना स्थान हासिल गर्न सफल भएका थिए । कार्यक्रमका प्रमुख अथिति आन्तरिक राजस्व कार्यालय, जनकपुरका प्रमुख कर अधिकृत श्री कृष्णप्रसाद मैनालीले विजेताहरुलाई नगद तथा सम्मानपत्र प्रदान गर्नु भएको थियो । करदाता सेवा कार्यालय, बर्दिवासका कर अधिकृत श्री मदनबहादुर के.सी. ले निबन्ध प्रतियोगीताले विद्यार्थीमा कर सचेतनाको दायरा फराकिलो पार्न मद्दत गरेको भन्दै यस्ता कार्यक्रमले भविष्यमा विद्यार्थीलाई उच्च नैतिकवान र चरित्रवान व्यवसायी तथा उद्योगी बनाउन मद्दत गर्ने बताउनु भयो । यता करदाता सेवा कार्यालय, बर्दिवासद्वारा आन्तरिक राजस्व कार्यालय जनकपुरको सहयोगमा राष्ट्रिय कर सप्ताहको अवसर पारेर २०७३।०७।२९ गते सर्लाही जिल्लाको हरिवन नगरपालीकामा स्थायी लेखा नंबर (PAN) प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा नयाँ २० व्यवसायीले प्रमाणपत्र लिन आवेदन गरे बमोजीम स्थायी लेखा नंबर (PAN) प्रमाणपत्र वितरण गरीएको थियो । कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत श्री कृष्णप्रसाद मैनाली तथा करदाता सेवा कार्यालय, बर्दिवासका कर अधिकृत श्री मदनबहादुर के.सी. ले नयाँ व्यवसायीहरुलाई प्रमाणपत्र वितरण गरी खादा लगाई सम्मान गर्नुभएको थियो । सोही अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रममा उद्योगी, व्यवसायीहरुको विविध जिज्ञासा समाधान गरिएको थियो ।

## करदाता सेवा कार्यालय, बागलुङ

पाँचौ राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७३ को उपलक्ष्यमा मंसिर १ गते विहान करदाता सेवा कार्यालय बागलुङको प्रांगणबाट प्रभातफेरी कार्यक्रम सुरु भई बागलुङ बजार परिक्रमा गरी उद्योग बाणिज्य सघं बागलुङको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री भागीरथ पाण्डेयको प्रमुख आतिथ्यता र कर अधिकृत श्री सूर्यप्रसाद चापागाईंको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा बचत तथा ऋण सहकारी सघं बागलुङका अध्यक्ष श्री चण्डीप्रसाद शर्मा, उद्योग वाणिज्य सघं बागलुङका का.वा. अध्यक्ष श्री युवराज राजभण्डारी र प्रमुख जिल्ला अधिकारी श्रीमान् भागीरथ पाण्डेयले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । सो अवसरमा आन्तरिक राजस्व विभागले तोकेको न्यूनतम मापदण्डका आधार पुग्ने गरी उत्कृष्ट कार्य सम्पादन गरेका यस कार्यालयका ना.सु. श्री हरिश्चन्द्र पौडेल लाई नगदसहित प्रशंसापत्र प्रदान गरिएको थियो । साथै कार्यालयमा सेवाग्राहीका रुपमा आउने पहिलो दुईजना सेवाग्राहीलाई कार्यलय प्रमुखले अविर र खादा लगाएर सम्मान गर्नुभयो । त्यसैगरी मंसिर २ गते बागलुङ नगरपालिकाका विभिन्न ठाउँहरुमा करसँग सम्वन्धित सचेतनामूलक गीत सहितको माइकिङ तथा प्रचार प्रसार कार्यक्रम भएको थियो त्यसैगरी मंसिर ३ गते करदाता सेवा कार्यालय बागलुङको आयोजना तथा प्याप्सन र एनप्याप्सन बागलुङको







संयोजनमा बागलुङ नगरपालिका भित्रका निजी विद्यालयहरुका सञ्चालक, प्राचार्य तथा लेखापालहरुसँग शिक्षा सेवा शुल्क, आयकर, रोजगारीको आयगणना, E-tds, विवरण Entry लगायतका विषयमा कर शिक्षा तथा अर्न्तक्रिया कार्यक्रम गरिएको थियो । त्यसैगरी मंसिर ६ गते बागलुङ जिल्लास्थित विभिन्न फर्महरुमा काम गर्ने लेखा तथा सो सँग सम्वन्धित व्यक्तिहरुसंग करदाता सेवा कार्यालयका प्रमुख श्री सूर्यप्रसाद चापागाईंको सहजीकरणमा मूल्य अभिवृद्धि कर, आयकर, अन्तशुल्कलगायत विविध करका विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । त्यसैगरी मंसिर ७ गते आन्तरिक राजस्व कार्यालय पोखराले आयोजना गरेको पाचौ राष्ट्रिय कर दिवश तथा कर सप्ताह समापन मूल समारोहमा कार्यालयका कार्यालय प्रमुख सूर्यप्रसाद चापागाईं सरिक हुनु भएको थियो ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# एस.एम.एस. सेवा शुरु भएको सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले संचालनमा ल्याएको एस.एम.एस. प्रणालीबाट तपशील बमोजिमका सेवाहरु प्रदान गरिएका छन् । Registration info र Help बाहेक अन्य सेवाहरु सम्बन्धीत स्थायी लेखा नम्बरको एकीकृत कर प्रणालीमा रहेको मोबाइल नम्बरबाट मात्र उपलव्ध हुने व्यवस्था गरिएको छ ।

**तपशील**

| S.N. | Service Name | Method | Response |
|---|---|---|---|
| 1 | Registration Info (Available to public) | Type REG PAN and SMS to 32024(E.g. REG 304567895) | ABC Company Pvt. Ltd IT Reg: 2064.09.08 VAT Reg: 2064.09.08 |
| 2 | Estimate Return Status | Type EST PAN FiscalYear and SMS to 32024 (eg. EST 304567895 2071.072) | Estimated Returns For Period 2071.072 is Submitted. |
| 3 | IT Return Status | Type RETIT PAN FiscalYear and SMS to 32024(e.g. RETIT 304567895 2071.072) | IT Returns For FY 2071.072 Has Been Submitted. |
| 4 | VAT Return Status | type RETVAT PAN TaxYear PeriodType Period and SMS to 32024(e.g. RETVAT 304567895 2073 M 1) | VAT Returns For Period 2071 M 1Has Been Submitted. |
| 5 | Excise Return Status | type RETEX PAN TaxYear PeriodType Period and SMS to 32024 (e.g. RETEX 304567895 2071 M 1) | Excise Returns For Period 2071 M 1 Is Not Submitted Yet. |
| 6 | Payment | type PMT PAN VoucherNo and SMS to 32024 (e.g PMT 304567895 249561) | Date:2073.06.01 Amount:10000.00 Payment for: VAT |
| 7 | Arrear | type ARR PAN and SMS to 32024(e.g. ARR 304567895 ) | Excise: 0 IncomeTax: 10000 VAT: 5000 |
| 8 | Help | Type HELP and SMS to 32024 | Reg - Registration Retit - Income Tax Return Retvat - Vat Return PMT - Voucher Payment Arr - Arrear Est - Estimated Return |

**पुनश्चः** हाललाई एस.एम.एस. सेवा नेपाल टेलिकमका प्रयोगकर्ताहरुले प्रयोग गर्न सक्नेछन् ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
चन्द्रकला पौडेल
धनिराम शर्मा
राजेन्द्रकुमार पौडेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
देवनारायण पौडेल
शिवलाल तिवारी
विनया पोखरेल
अर्जुनप्रसाद भट्टराई
सूर्य सुर्खाली



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४००००० बाट प्राप्त गरौं ।